Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.




◆ वर्ष १३ ◆ अङ्क ३९०९ ◆ २०७९ माघ १९ गते बिहीबार ◆ ने.सं. ११४३ ◆ पृष्ठ ८ ◆ Thursday, February 02, 2023 ◆ मूल्य रु. ५/– ◆ Web: www.aarthikdainik.com

# राष्ट्रिय गौरवका आयोजनाको लागत १ सय ४८ प्रतिशतसम्म वृद्धि हुने

■ प्रवीन राउत
काठमाडौं, माघ १८




सरकार परिवर्तनसँगै राष्ट्रिय योजना आयोगमा परिवर्तन हुने उपाध्यक्षले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राष्ट्रिय गौरवका आयोजनाहरूलाई प्रभावित पारेको छ । सरकार परिवर्तनसँगै स्वतः योजना आयोगका अध्यक्ष परिवर्तन हुन्छ भने उपाध्यक्ष भने स्वतः परिवर्तन हुने कानुनी प्रावधान छैन । तर अध्यक्ष परिवर्तनसँगै अध्यक्षले उपाध्यक्ष परिवर्तन गर्ने विकृत परम्परा बनिसकेको छ । जसको असर गौरवका आयोजनाहरूको भौतिक विकासमार्फत समृद्ध नेपालको आधारशिला निर्माण गर्ने सरकार तथा स्थायी सरकार कर्मचारीतन्त्रको उद्देश्य सफल हुनसकेको छैन ।

आयोगले सार्वजनिक गरेको वार्षिक प्रतिवेदनअनुरूप हालसम्म आइपुग्दा गौरवका आयोजनाको लागत एक सय ४८ प्रतिशतले बढ्ने निश्चित भएको छ । १० खर्ब ४५ अर्ब ९७ करोड रूपैयाँ सुरुवाती लागत रहेको गौरवका आयोजनाको संशोधितपछिको लागत भने २५ खर्ब ९७ अर्ब ५६ करोड रूपैयाँ लाग्ने बताइएको छ । हरेक आयोजनाहरूको लागत करिब शतप्रतिशतले वृद्धि हुँदा लागत शतप्रतिशतभन्दा बढीले वृद्धि हुनपुगेको आयोगका पदाधिकारी बताउँछन् । आयोगका अध्यक्ष, उपाध्यक्ष र सदस्य फेरबदलका साथै जग्गा अधिग्रहण र मूल्यांकन, प्राविधिक जनशक्तिको अभाव, वन क्षेत्रसँग समन्वय गर्न लाग्ने लामो समय, निर्माण सामग्री अभाव, निर्माणको मोडालिटीको अभाव, स्रोत व्यवस्थापनमा समस्या, अनुगमन तथा मूल्यांकनमा कमी लगायतका समस्याले गर्दा आयोजनाहरूको निर्माण सम्पन्न हुन नसकेको उनीहरूको भनाइ छ ।

संशोधित लागतअनुरूप सिक्टा सिँचाइ आयोजना २५ अर्ब दुई करोड रूपैयाँ, बबई सिँचाइ आयोजना १८ अर्ब ९६ करोड रूपैयाँ, रानीजमरा कुलरिया सिँचाइ आयोजना २७ अर्ब ५२ करोड रूपैयाँ, मेलम्ची खानेपानी आयोजना ३१ अर्ब ३६ करोड रूपैयाँ, पशुपति क्षेत्र विकास कोष दुई अर्ब २७ करोड रूपैयाँ, लुम्बिनी क्षेत्र विकास कोष १३ अर्ब २६ करोड रूपैयाँ, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम दुई खर्ब ४९ अर्ब ७० करोड रूपैयाँ, काठमाडौँ-तराई मधेश द्रुतमार्ग एक खर्ब ७५ अर्ब १९ करोड रूपैयाँ, पुष्पलाल मध्यपहाडी लोकमार्ग ८४ अर्ब ३३ करोड रूपैयाँ लाग्ने बताइएको छ । यस्तै कर्णाली करिडोर छ अर्ब ६६ करोड रूपैयाँ, कोशी करिडोर ११ अर्ब ९६ करोड रूपैयाँ, कालीगण्डकी करिडोर २४ अर्ब रूपैयाँ, हुलाकी लोकमार्ग ६५ अर्ब २० करोड रूपैयाँ, बूढीगण्डकी जलविद्युत् आयोजना २६ अर्ब रूपैयाँ, विद्युत् प्रसारण आयोजना ६१ अर्ब २६ करोड रूपैयाँ, पश्चिम सेती जलविद्युत् आयोजना दुई खर्ब ७३ अर्ब ८५ करोड रूपैयाँ, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल छ अर्ब ८२ करोड रूपैयाँ, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल २२ अर्ब रूपैयाँ, बारा निजगढको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल एक खर्ब ६५ अर्ब रूपैयाँ, रेल वे तथा मेट्रो मोनोरेल विकास आयोजना नौ खर्ब ५५ अर्ब २२ करोड रूपैयाँ, सुनकोशी मरिन सिँचाइ आयोजना ४६ अर्ब १९ करोड रूपैयाँ र महाकाली सिँचाइ आयोजना ३५ अर्ब रूपैयाँ संशोधित लागत छ । खर्च बढ्दै जाँदा भने लागत समय पनि बढ्ने निश्चित रहेको छ । आयोजना निर्माण गर्दा समय कम लागेको खण्डमा भने खर्चमा समेत राहत हुने सरोकारावालाहरूको भनाइ छ । यसमा सरकारले ध्यान दिनु जरूरी छ । सरकारले राष्ट्रिय बजेटमा उल्लेखनीय हिस्सा ओगट्ने तथा महत्व राख्ने राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूका साथै रूपान्तरणकारी आयोजनाहरूलाई विशेष प्राथमिकतामा राखेको पाइन्छ । तर राष्ट्रिय बजेटमा उल्लेखनीय हिस्सा ओगट्ने तथा महत्व राख्ने र विषय क्षेत्रगत नतिजा सूचक हासिल गर्न योगदान पुऱ्याउने विभिन्न आयोजनाहरूको सन्तोषजनक प्रगति भएको पाइँदैन । यसैबीच रूपान्तरणकारी, राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाहरू तोकिएको समयमा निर्माण सम्पन्न नहुँदा यसको लागत र समय दुवै बढ्दै गएको जानकारहरूको भनाइ छ ।

सरकारले मुलुकको विकासको सम्वाहकको रूपमा हेरेको गौरवका आयोजना तथा रूपान्तरणकारी आयोजना विकास तथा निर्माणसम्पन्न गर्ने उद्देश्यले निर्देशिका समेत तयार गरेको छ तर त्यसको प्रभावकारिता भने देखिएको पाइँदैन । सरकारले सुशासन ऐनको प्रयोग गर्दै राष्ट्रिय गौरव तथा रूपान्तरणकारी आयोजनाको विकासको लागि 'तत्काल समस्या समाधान निर्देशिका २०७९' निर्माण गरेको हो । सरकारले राष्ट्रिय गौरव तथा रूपान्तरणकारी आयोजना कार्यान्वयनका क्रममा उत्पन्न हुने समस्या तथा आयोजनाको अपेक्षित प्रगति हुन नसक्नुको कारण पहिचान गरी तत्काल समाधान र सहजीकरण गर्न तथा नेपाल सरकार र अन्तर्गतका निकायबाट हुने सेवा प्रवाहका सम्बन्धमा देखिएका समस्या समाधानमा समन्वय गर्नको लागि 'तत्काल समस्या समाधान निर्देशिका २०७९' निर्माण गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकारीहरूले बताए ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले उक्त निर्देशिका बनाए पनि कार्यान्वयन प्रभावकारी नहुँदा आयोजनाले पूर्णता पाउनसकेको छैन । योजना आयोग मात्र नभई प्रधानमन्त्री कार्यालयले पनि आयोजनाहरूको प्रगति सुस्त रहेको बताउँदै आएको छ । समन्वय अभाव, बजेट व्यवस्थापन, ढिलासुस्तीलगायतका कारणले गर्दा राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजनाहरू हालसम्म पनि समयमै सम्पन्न हुनसकेको छैन । राष्ट्रिय गौरवका २४ वटा, रूपान्तरणकारी १८ वटा गरी ४२ वटा महत्वपूर्ण आयोजनाहरू मुलुकमा सञ्चालन भइरहेका छन् ।

# एक अर्ब ७६ करोड रुपैयाँको मात्र सेयर खरिदबिक्री

■ आर्थिक संवाददाता
काठमाडौं, माघ १८

बजार परिसूचक उकालो लागेको छ । यसअघि लगातार तीन दिनसम्म ओरालो लागेको बजार परिसूचक साताको चौथो कारोबार दिन बुधबार चार दशमलव ९७ अंकले उकालो लागेर २१ सय १६ दशमलव ६५ विन्दुमा चढेको छ । क वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ इन्डेक्स पनि शून्य दशमलव ५३ अंकले उकालो लागेर चार सय एक दशमलव १६ विन्दुमा चढेको छ । यस दिन १३ वटा उपसमूहहरू अर्न्तगत दुई सय ६१ वटा कम्पनीहरूको सेयर कारोबार भएका छन् । जसबाट ३६ हजार आठ सय ७९ पटकको कारोबारमा ५० लाख २४ हजार तीन सय ८१ कित्ता सेयर खरिदबिक्री हुँदा कुल कारोबार रकम एक अर्ब ७६ करोड ७० लाख ५१ हजार नौ सय १६ रूपैयाँ पुग्न सफल भएको छ ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) मा यस दिन कारोबार भएका कुल उपसमूहहरूमध्ये पाँच वटा उपसमूहहरूको सूचक ओरालो लागेका छन् भने बाँकी उपसमूहहरूको सूचक उकालो लागेका छन् । जसमध्ये वाणिज्य बैंक उपसमूहको सूचक शून्य दशमलव ६२ अंकले उकालो लागेर १३ सय ६७ दशमलव ७५ विन्दुमा चढेकोमा विकास बैंक उपसमूहको सूचक पनि ४५ दशमलव ६५ अंकले उकालो




लागेर तीन हजार सात सय २७ दशमलव ५४ विन्दुमा चढेको छ । यसैगरी फाइनान्स उपसमूहको सूचक पनि नौ दशमलव ५४ अंकले उकालो लागेर १७ सय ४८ दशमलव ८२ विन्दुमा चढेकोमा जलविद्युत् उपसमूहको सूचक पनि तीन दशमलव ७७ अंकले उकालो लागेर २६ सय ४३ दशमलव ३८ विन्दुमा चढेको छ । जीवन बीमा उपसमूहको सूचक पनि ८८ दशमलव पाँच अंकले उकालो लागेर १० हजार आठ सय ९७ दशमलव ११ विन्दुमा चढेकोमा निर्जीवन बीमा उपसमूहको समूहको सूचक पनि २० दशमलव पाँच अंकले उकालो लागेर नौ हजार एक सय ९५ दशमलव ९८ अंकमा विन्दुमा चढेको छ । यसबाहेक होटल तथा पर्यटन र उत्पादनमूलक उपसमूहको सूचक पनि क्रमशः ५० दशमलव ४८ र २८ विन्दुले उकालो लागेका छन् । लघुवित्त समूहको सूचक भने यस दिन १५ दशमलव ४८ अंकले ओरालो लागेर चार हजार छ सय २५ दशमलव ९१ विन्दुमा झरेकोमा ट्रेडिङ उपसमूहको सूचक पनि तीन दशमलव ६३ अंकले ओरालो लागेर २२ सय ६३ दशमलव ८५ विन्दुमा झरेको छ । यसैगरी लगानी, सामूहिक लगानी कोष र अन्य उपसमूहहरूको सूचक पनि क्रमशः शून्य दशमलव ३५, शून्य दशमलव शून्य पाँच र एक

➢ बाँकी पृष्ठ २ मा

# बचतकर्तले घेरे देउराली सहकारीका अध्यक्ष चौलागाईंको घर

■ आर्थिक संवाददाता
काठमाडौं, माघ १८



सहकारीमा कुनै समस्या छैन भन्दै बचतकर्ताहरूको पैसा फिर्ता नदिएपछि बचतकर्ताहरूले ललितपुरको देउराली बहुउद्देशीय सहकारी संस्थाका सञ्चालक रविन्द्र चौलागाईंको घर घेरेका छन् ।


पैसा फिर्ता गर्ने भनेर बचतकर्ताहरूलाई पटक-पटकको प्रतिबद्धता गरे पनि प्रतिबद्धताअनुसार बचत रकम फिर्ता नगरेको भन्दै उनीहरूले सञ्चालक चौलागाईंको घर घेरेका हुन् । यसअघि आर्थिक दैनिकले देउराली सहकारीले सहकारी विभागको निर्देशन समेत अवज्ञा गर्दै कारोबार गर्ने गरेको र संस्थामा आर्थिक समस्या रहेको समाचार प्रकाशित गरेको थियो ।

आर्थिक दैनिकमा समाचार प्रकाशनपछि गत असोजमा सहकारीमा कुनै प्रकारको समस्या छैन भनेर बचतकर्ताहरूलाई झुक्याउन सफल भए पनि सो झूट धेरै समय टिक्न नसकेको र अन्ततः बचत रकम नपाएसँगै सञ्चालक चौलागाईंकै घर घेर्न बचतकर्ताहरू पुगेका छन् ।

सहकारीले गत कात्तिकमा नै साना बचतकर्तालाई क्रमिक रूपले निक्षेप फिर्ता गर्ने र ठूला बचतकर्तालाई नवलपरासीमा रहेको जग्गा नै पास गरिदिने बताएको थियो । २० कात्तिकमा सहकारीले एक विज्ञप्ति जारी गर्दै

➢ बाँकी पृष्ठ २ मा

# वास्तविक बजेट ल्याउने अर्थमन्त्रीको दाबी



काठमाडौं । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षको बजेट ल्याउँदा वास्तविक बजेट ल्याउने दाबी गरेका छन् । आगामी आवको बजेट निर्माणको काम सुरू भइसकेको भन्दै मन्त्री पौडेलले वर्तमान सरकारले नीतिगत फड्को (पोलिसी डिपार्चर) लाई केन्द्रमा राख्दै वास्तविकतामा आधारित बजेट ल्याउने बताएका हुन् ।

'आगामी आवको स्रोतको अनुमान र बजेटको आकारमाथि छलफल सुरू भइसकेको छ', कार्यक्रममा मन्त्री पौडेलले भने, 'अहिलेकै अवस्थामा अघि बढ्ने नभई पोलिसी डिपार्चर आवश्यक छ भनेर विभिन्न क्षेत्रबाट सुझाव आइरहेका छन् । त्यसमा विशेष ध्यान दिएर बजेटको आकारमा यथार्थपरकता खोज्नेछौं ।' मन्त्री पौडेलले यथार्थपरक बजेट ल्याउने दाबी गरे पनि बजेटलाई अन्तिम रूप दिने बेलासम्म राजनीतिक विषय हावी हुँदा बजेट वास्तविकताभन्दा बाहिर

➢ बाँकी पृष्ठ २ मा

# भारतीय बजेटमा नेपाललाई दिने अनुदान घट्यो

■ आर्थिक संवाददाता
काठमाडौं, माघ १८

भारतीय बजेटमा नेपाललाई दिने अनुदानको आकार अघिल्लो वर्षको बजेट भाषणको भन्दा घटेको छ भने संशोधित बजेटभन्दा वृद्धि भएको छ । बुधबार आएको भारतको नयाँ बजेटमा सन् २०२३ मा नेपाललाई साढे पाँच अर्ब भारू अनुदानस्वरूप दिने उल्लेख छ ।

गत वर्षको बजेटमा भारतले सात अर्ब ५० करोड भारू अनुदानमा दिने बताएको थियो । तर पछि संशोधन गर्दै चार अर्ब २५ करोडमा घटाएको थियो । त्यसमध्ये दुई अर्ब ११ करोड भारू नेपाललाई वितरण गरेको भारतको विदेश मामिला मन्त्रालयले जनाएको छ ।

भारतले हरेक वर्ष छिमेकी देशहरूलाई अनुदानस्वरूप बजेटमै उल्लेख गरेर विकास सहायता प्रदान गर्दै आएको छ । यस वर्ष उसले नेपालबाहेक अफगानिस्तान र बंगलादेशलाई दुई/दुई अर्ब, भुटानलाई ऋण र अनुदान गरी २४ अर्ब, श्रीलंकालाई डेढ अर्ब, माल्दिभ्सलाई चार अर्ब र मंगोलियालाई सात करोड भारू विनियोजन गरेको छ ।

**चार सय ५० खर्ब भारुको खर्च अनुमान**

भारतको केन्द्र सरकारले



आर्थिक वर्ष २०२३/०२४ को लागि संघीय बजेट सार्वजनिक गरेको हो । बजेटमा यो वर्ष सात प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान छ । वित्तमन्त्री निर्मला सीतारमणले कुल चार सय ५० खर्ब भारू आकारको बजेट सार्वजनिक गरेकी हुन् ।

यसमा कुल प्राप्ति (सापटीबाहेक) दुई सय ७२ खर्ब भारू र कर आय दुई सय ३३ खर्ब भारू अनुमान गरिएको छ । वित्तमन्त्री सीतारमणका अनुसार कुल राजस्व र कुल खर्चबीचको फरक (फिस्कल डिफिसिट) कुल गार्हस्थ्य उत्पादनको ५.९ प्रतिशत रहनेछ । उनले सन् २०२५/०२६ मा यस्तो अन्तर ४.५ प्रतिशतले झार्ने अनुमान गरेकी छिन् । चालू वर्षको यस्तो अन्तर पूर्ति गर्न ११.८ लाख करोड बजारबाट सापटी लिइने उनले बजेटमा उल्लेख गरेकी छिन् । पुँजीगत खर्च ३३ प्रतिशतले बढाएर १० लाख करोड बनाइएको छ जुन जीडीपीको ३.३ प्रतिशत हो ।

**भारतीय बजेटका मुख्य विशेषता**

वित्तमन्त्री सीतारमणले ल्याएको उक्त बजेटमा सात लाख भारूसम्म वार्षिक आम्दानी गर्नेलाई आयकरमा पूर्ण छुट दिइएको छ । त्यस्तै ट्याक्स स्ल्याब पनि ६ बाट घटाएर ५ गरिएको छ । यसअनुसार तीन लाखसम्म आम्दानी गर्नेले कर तिर्नुपर्नेछैन भने तीनदेखि छ लाखसम्म कमाउनेले पाँच प्रतिशत र १५ लाखभन्दा माथि कमाउनेले ३० प्रतिशत कर तिर्नुपर्नेछ । यसमा वार्षिक नौ लाख आयकर्ताले ४५ हजार भारू कर तिरे पुग्नेछ ।

बजेटमा आयात शुल्क पनि कम गरिएको छ । यसले केही वस्तुहरू सस्तो हुने देखिएको छ । जस्तो ब्याट्री बनाउने सामानको आयात शुल्क घटाइएको छ । टीभी प्यानेल, मोबाइल पार्टजस्ता वस्तुको पनि आयात शुल्क घटाइएको छ । यसबाहेक चुरोट, रक्सी, सुन, चाँदी, कम्पाउन्डेड रबरको भन्सार शुल्क बढाइएकोले यी वस्तु महँगो हुने देखिएको छ ।

वित्तमन्त्री सीतारमणले प्रधानमन्त्री आवास योजनाको लागि ६६ प्रतिशतले बजेट बढाएर ७९ हजार करोड वितरण गरेकी

➢ बाँकी पृष्ठ २ मा

इ-पेपर हेर्नको लागि



## भारतीय...

छिन् । त्यस्तै रेल बजेटतर्फ नयाँ परियोजनाको लागि ७५ हजार करोडको कोष र कुल २.४ लाख करोड बजेट विनियोजन गरेकी छिन् । बजेटमा ५० वटा नयाँ विमानस्थल निर्माणको घोषणा गरिएको छ । भारतीय बजेटमा किसानका लागि धेरै घोषणा गरिएको छ । त्यस्तै स्वच्छ ऊर्जामा जोड दिइरहेको भारतले ऊर्जा सुरक्षाको लागि ३५ हजार करोड भारू विनियोजन गरेको छ ।

त्यस्तै भारतले रक्षा बजेट बढाएर ५.९४ लाख करोड बनाएको छ । अघिल्लो बजेटमा यो ५.२५ लाख करोड मात्रै थियो । नयाँ हतियार, एयरक्राफ्ट, लडाकु जहाज र अन्यका लागि १.६२ लाख करोड छुट्याइएको छ ।

यता पूर्वाधार विकासका लागि जीडीपीको ३.३ प्रतिशत अर्थात् १० लाख करोड विनियोजन गरिएको छ ।

त्यस्तै भारतको प्रतिव्यक्ति आय बढेर १.९७ लाख करोड पुगेको वित्तमन्त्रीले बजेट भाषणका क्रममा बताएकी छिन् ।

## वास्तविक...

जाने गरेको छ ।

चालू आर्थिक वर्ष २०७९/०८० को बजेट ल्याउँदा पनि तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले वास्तविक बजेट ल्याएको दाबी गरेका थिए । तर, बजेट वास्तविक हुन नसक्दा बजेट खर्च हुन नसकेको मात्र होइन राजस्व संकलनको अवस्था पनि दयनीय छ । पुँजीगत तर्फको कतै बजेट नै अपुग छ भने कतिपय ठाउँमा विनियोजित बजेटको दश प्रतिशत पनि खर्च हुने अवस्था छैन । बजेटले वास्तविकता पहिचान गर्न नसक्दा यस्तो अवस्था सिर्जना हुनपुगेको हो ।

## बचतकर्ताले....

सहकारीका बचतकर्ता समितिका संयोजक केदारप्रसाद चौलागाईं र सोही समितिका सदस्य कृष्णप्रसाद कँडेल, जीवन श्रेष्ठ र नकुलप्रसाद आचार्यको संयुक्त नाममा दर्ता गरिएको गृहम बिल्डर्स एण्ड कन्सल्ट्यान्टको नाममा नवलपरासीको चार बिघा १९ कट्ठा जग्गा पास गरिदिएको बताएको थियो । तर त्यसरी उल्लेख गरेको नवलपरासीको कावासोतीमा रहेको जग्गा समेत बाटो नभएको चार कट्ठा १९ धूर मात्रै रहेको पाइएको छ । देउराली सहकारीमा नेपाल राष्ट्र बैंकका २० जना कर्मचारीले समेत बचत गरेका छन् ।

## एक अर्ब...

दशमलव २७ विन्दुले ओरालो लागेका छन् ।

यस दिन कमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा परेको आदर्श लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य १० प्रतिशतले बढेर १७ सय ५३ दशमलव ६० रूपैयाँमा प्रतिकित्ता सेयर किनबेच भएको छ । दोस्रो स्थानमा परेको सिद्धार्थ इन्स्योरेन्स कम्पनीको प्रतिकित्ता सेयर मूल्य पनि आठ दशमलव २८ प्रतिशतले बढेर छ सय ८० रूपैयाँ अन्तिम मूल्यमा प्रतिकित्ता सेयर किनबेच भएको छ । यीबाहेक इष्टर्न हाइड्रोपावर कम्पनी लिमिटेड, राप्ती हाइड्रो एण्ड जनरल कन्सट्रक्सन लिमिटेड आदिको सेयर मूल्य पनि उकालो लागेका छन् ।

---

प्रदेश सरकार
बागमती प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय
**शहरी विकास तथा भवन कार्यालय**
धुलिखेल, काभ्रे

**शंसोधन सम्बन्धी सूचना**

मिति : २०७९/१०/१९ गते

उपरोक्त सम्बन्धमा मिति २०७९ माघ १६ गते सोमबारका दिन आर्थिक राष्ट्रिय दैनिक पत्रीकामा प्रकाशित बोलपत्र सम्बन्धी UDBO/NCB/WORKS/09/1S1E/079/080 को Description of Works Deurali Chamkharka Ukalo Dhalankarya, Panauti Na.pa.-2, Kavrepalanchok सूचनामा भएकोमा शंसोधन गरी "Deurali Chamkharka Ukalo Dhalankarya, Panauti Na.pa.-4, Kavrepalanchok" गरिएको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यालय प्रमुख

---

## कम्पनीको नाम परिवर्तनको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।१०।१९)

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंको मिति २०७९।१०।१३ को निर्णयानुसार **एन.पि. आइ.फार्मेसी लि.**को नाममा रहेको सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी **एन. पि. आइ. नारायणी सामुदायिक हेल्थ इन्ष्टिच्युट लि.**कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

---

## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

बहादुर के.सी.को नाती राम बहादुर के.सी. को छोरा ज्ञानि के.सी.को श्रीमान डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ५ ठेगाना भई हाल प्रदेश ३ धादिङ जिल्ला निलकण्ठ नगरपालिका वडा नं. ३ बस्ने, यस प्रभु बैंक लि. को धादिङ शाखाका खातावाला दिपक बहादुर के.सी. को मिति २०७९/०९/१६ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. ०३९०१२३६१७४०००११ मा भएको रकम पाउँ भनी निज खातावालाको श्रीमती डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ५ ठेगाना भई हाल प्रदेश ३ धादिङ जिल्ला निलकण्ठ नगरपालिका वडा नं. ३ बस्ने ज्ञानि के.सी.ले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : धादिङ
फोन : ०१०-५२१००८/००५

---

## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको गल्कोट शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी चन्द्र कुमारी सापकोटाको मिति २०७९/०८/२९ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकको छोरा भिष्म सापकोटाले यस बैंक शाखा कार्यालयमा मिति २०७९/०९/१३ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय गल्कोटमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ प्राप्त

---

# Water Resources and Irrigation Development Division Office, Syangja

**Gandaki Province, Nepal**

## Invitation for Online Bids

**First date of Publication: 2079/10/19(2nd Feb, 2023)**

1. Water Resources and Irrigation Development Division Office, Syangja invites the **online bids only** under e-procurement system from eligible bidders for the construction of projects mentioned below under National Competitive bidding. All the information and documents can be obtained from **PPMO's website** www.bolpatra.gov.np/egp. Interested eligible bidders are requested to submit **E-Bid only** as per instruction within the mentioned period.

| S. N | Contract No. | Estimated cost NRs. (without VAT and Contingency) | Bid Security Amount (NRs) | Cost of Bid Document (NRs) |
|---|---|---|---|---|
| 1 | WRIDDOS/ GPKLBISP /NCB-10/079-80 Construction Irrigation Canal and Canal Related Structure at Gautamdada Pachhadi Kukhrekhola Lamachaur Baido ISP, Fredikhola RM-02. | Rs.38,51,700.00 | Rs.1,10,000.00 | Rs. 3,000 |
| 2 | (WRIDDOS/UBCTK/NCB-11/079-80) Construction of Structures Related to Flood Management & Protection Works at Uttarbahini Chhetra.Galyang Municipality-01, Syangja. | Rs. 29,80,791.00 | Rs.90,000.00 | Rs. 3,000 |
| 3 | WRIDDOS/LBLISP /NCB-12/079-80 Construction Irrigation Canal and Canal Related Structure at Lamchas Basetari Lapsibot ISP, Aandikhola RM-02. | Rs.37,47,998.00 | Rs.1,05,000.00 | Rs. 3,000 |
| 4 | WRIDDOS/GTKISP /NCB-13/079-80 Construction Irrigation Canal and Canal Related Structure at Gairaghat Thula Khet ISP, Fedikhola RM-04. | Rs.55,78,839.00 | Rs.1,60,000.00 | Rs. 3,000 |
| Last Date & time of Bid Submission : **2079/11/21 (5th Mar, 2023)** (12:00 Noon) | | | | |
| Bid Opening date & time : **2079/11/21 (5th Mar, 2023)** (14:00 PM) | | | | |

2. Other things not mentioned in this notice will be accordance with the prevailing Public Procurement Act 2063 and Public Procurement Regulation 2064. (For further information contact no. 9856054175, 063-423175)

**Division Chief**

---

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**

# सेती राजमार्ग (उत्तर खण्ड), चैनपुर ताक्लाकोट सडक योजना

चैनपुर, बझाङ
प्रकाशित मिति : २०७९-१०-१९

## प्राविधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोल्ने सूचना

यस सडक योजनाबाट मिति २०७९-०९-१३ गतेको आर्थिक दैनिकमा प्रकाशित सूचना नं. १-०७९।८० तथा www.bolpatra.gov.np/egp मार्फत आह्वान गरिएको ठेक्काको लागि म्यादभित्र दर्ता भएका बोलपत्रहरु खोली प्राविधिक प्रस्तावहरु मूल्यांकन गरिँदा तपसिलअनुसारका बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरु सारभूत रुपमा प्रभावग्राही भई योग्यताको आधारमा सफल भएको हुँदा सार्वजनिक खरिद नियमावलीको नियम ३१ (ङ) को (४) र (५) अनुसार आर्थिक प्रस्ताव मिति २०७९-१०-२६ दिनको १ बजे यस कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | प्राविधिक प्रस्ताव मूल्यांकनबाट छनौट भएका बोलपत्रदाताहरु |
|---|---|---|
| 1 | SRNRP/33701122-4/079/80-01 | M/S Sameer Construction, Ramgram-5, Nawalparasi |
| | | M/S Surmasarobar- Bajrangbali J/V, Daulichaur VDC-8, Bajhang |
| | | M/S Tej Construction. , Dhangadi-02, Kailali |

योजना प्रमुख

---

# डुडुवा गाउँपालिका
## गाउँ कार्यपालिका कार्यालय

बनकट्टी, बाँके
लुम्बिनी प्रदेश नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०७९/१०/१९ गते**

यस कार्यालयका लागि तपशिल बमोजिमको कार्य सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इजाजत प्राप्त उत्पादक कम्पनी वा अधिकृत बिक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही अनलाईन मार्फत bolpatra.gov.np मा रितपुर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरु

१. यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कम्पनी/फर्म चालु आ.व.२०७९/८० मा नविकरण भएको इजाजत प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि,आयकर दर्ताको प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि, मुल्य अभिबृद्दीकर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरुसंलग्न राखी कार्यालय समय भित्र निबेदन साथ रू.१०००।- (फिर्ता नहुने गरी) दरभाउपत्र फाराम दस्तुर यस कार्यालयको नाममा एन.आई.सि. एसिया बैंक लि. नेपालगञ्जमा रहेको नं. ०२०२०५००२८९३५००२ आन्तरीक राजश्व खातामा नगदै जम्मा गरेको सक्कल बैं क भौचर ई-बिडिङ्ग मा अपलोड गरी दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।
२. खरिद भएको दरभाउपत्र १६ औं दिनको १२ बजेभित्र दररेट अंक र अक्षरमा प्रष्ट बुझिने गरी उल्लेख गरि केरमेट भएको ठाउँमा सहिछाप गरि फर्मको नाम र ठेगाना एवं सम्पर्क फोन नं. उल्लेख गरि bolpatra.gov.np मा दर्ता गर्नुपर्नेछ । दररेटमा उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
३. दरभाउ-पत्रसाथ दरभाउ-पत्र जमानत (बिडबन्ड) वापत तपशिल बमोजिकको रकम यस कार्यालयको नाममा एन.आई.सि. एसिया बैंक लि. नेपालगञ्जमा रहेको नं. २०४१४९८३८५५२४००१ ग-३ धरौटी खातामा नगदै जम्मा गरेको सक्कल बैक भौचर वा सोही रकम बराबर बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ४५ दिन मान्य अवधी भएको बैंक जमानत संलग्न हुनुपर्नेछ ।
४. जुन फर्मको नाममा दरभाउ-पत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र दरभाउपत्र फाराम भरि पेश गर्नुपर्नेछ ।
५. दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
६. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्बजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा उक्त कार्यहरु हुनेछ ।
७. दरभाउपत्र स्वीकृत भएपछि सुचना अनुसारको रकम बराबरको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा सो बराबर १२० दिनसम्म मान्य अवधि भएको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्यसम्पादन जमानत पत्र पेश गर्नु पर्नेछ ।
८. सिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिन हुनेछ ।
९. दरभाउपत्र दाखिला गर्ने तथा खोल्ने समयमा सुचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम नागरिक समाज तथा पत्रकार समेतको उपस्थितिको लागि अनुरोध छ ।
१०. अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
११. दरभाउपत्र सम्बन्धि अन्य कुराहरु बुझ्न परेमा bolpatra.gov.np वा कार्यालयको वेभसाईटमा बुझ्न सकिने छ ।

तपशिल

| सि.नं. | ठेक्का नं. | कामको नाम | ल.ई.रकम (मु.अ.कर समेत) | धरौटी रकम | बोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | DRM/SQ/Goods/02/2079-80 | Nisulka aausadhi kharid | 3415831.65 | 95000.00 | 1000/- | - |

प्रमुख प्रशासकीय अधिकृत

---

## सार्वजनिक सुनुवाई

श्री नव प्रभाव डेरी प्रा.लि.को स्थानान्तरण क्षमता अभिकृद्धिका निमित्त गईरहेको प्रारम्भिक वातावरणिय परिक्षणको वातावरणीय परिक्षणको प्रयोजनार्थ सार्वजनिक सुनुवाई कार्यक्रम ।

**मिति** : २०७९/१०/२० गते शुक्रवार
**समय** : बिहान ११:३० बजे
**स्थान** : पाटन औद्योगिक क्षेत्र स्थित श्री नव प्रभात डेरी प्रा.लि.को प्रस्तावित प्लटमा

---

## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको पानीपोखरी शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका मुस्लीम मियाको मिति २०७९/०९/०३ मा मृत्यु भएकोले उक्त खातामा रहेको रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमती सकिला मियाले यस बैंक शाखा कार्यालयमा मिति २०७९/१०/०५ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय पानीपोखरी हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ प्राप्त

---

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति: २०७९/१०/१९)

उजिर सिंह थापाको नाति, जहान सिंह थापाको छोरा, निर्मला देवी थापाको पति काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं ३० स्थायी ठेगाना भएको फणिन्द्र बहादुर थापाको मिति २०७५/०८/२४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको पुतलीसडक शाखामा रहेको बचत खाता नं. ००१०००२१२०१००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमति निर्मला देवी थापाले यस बैंकको पुतलीसडक शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागजसहित यस बैंकको शाखा कार्यालय पुतलीसडक, काठमाण्डौमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय पुतलीसडक, काठमाण्डौ फोन नं. ०१-५३३२११२

# नेत्रज्योति संघलाई जापानले स्वास्थ्य उपकरण दियो

आर्थिक संवाददाता
काठमाडौं, माघ १८

जापानी नागरिकहरूका तर्फबाट नेपाल नेत्रज्योति संघ कीर्तिपुर आँखा अस्पताल तथा अध्ययन केन्द्रलाई प्रदान गरिएको आँखा स्वास्थ्यसम्बन्धी उपकरणहरू हस्तान्तरण गरिएको छ ।

नेपालका लागि जापानी राजदूत किकुता युताकाले बुधबार कीर्तिपुर आँखा अस्पतालमा आयोजित एक कार्यक्रममा उक्त सामग्रीहरू हस्तान्तरण गरेका हुन् । रेटिना रोगको उपचारसँग सम्बन्धित करिब एक करोड ८५ लाख नेपाली रूपैयाँबराबरका स्वास्थ्य सामग्रीहरू जापान सरकारको (ग्रान्ट एसिस्टेन्स फर ग्रासरूस्ट प्रोजेक्ट) कार्यक्रमअन्तर्गत अनुदानमा प्रदान गरिएको हो । संघले वि.सं. २०७२ सालमा आँखा उपचार केन्द्रका रूपमा स्थापना गरेको कीर्तिपुर आँखा अस्पताललाई वि.सं. २०७४ सालमा आँखा अस्पतालका रूपमा स्तरोन्नति गरिएको थियो । स्थापनाकालदेखि नै अस्पतालले आम नागरिकहरूलाई सर्वसुलभ मूल्यमा गुणस्तरीय आँखा उपचार सेवा प्रदान गर्दै आइरहेको छ ।

यस अस्पतालको सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउन आवश्यक स्वास्थ्य उपकरणहरू प्रदान गर्नेसम्बन्धी सम्झौतापत्रमा वि.सं. २०७७ कात्तिक १९ मा नेपालस्थित जापानी राजदूतावास र नेपाल नेत्रज्योति संघका बीचमा हस्ताक्षर भएको थियो । सन् २०२२ मा अस्पतालले २३ हजार ५४० जनालाई आँखा उपचार सेवा प्रवाह गरेको थियो भने हालसम्म अस्पतालबाट करिब सात हजारभन्दा बढी व्यक्तिको आँखाको शल्यक्रिया भइसकेको छ जसमध्ये करिब तीन हजार जनाको शल्यक्रिया निःशुल्क भएको थियो । अस्पतालले हाल काठमाडौं र ललितपुरमा गरी जम्मा चारवटा आँखा उपचार केन्द्रहरू समेत सञ्चालन गरिरहेको छ ।

काठमाडौंका शंखरापुर नगरपालिकामा साँखु आँखा उपचार केन्द्र, दक्षिणकाली नगरपालिकामा दक्षिणकाली आँखा उपचार केन्द्र र चन्द्रागिरि नगरपालिकामा चन्द्रागिरी आँखा उपचार केन्द्र रहेका छन् भने ललितपुरको महालक्ष्मी नगरपालिकामा लभु आँखा उपचार केन्द्र सञ्चालनमा छ । हाल नेत्रज्योति संघले २७ वटा आँखा अस्पताल, १५० वटा आँखा उपचार केन्द्र र ४४ वटा जिल्ला शाखाहरूमार्फत नागरिकहरूलाई सर्वसुलभ र गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ ।

## म्याद सकियो, सकिएन कालोपत्र

गलकोट, माघ १८ । बागलुङको काठेखोला गाउँपालिका-७ रेश जाने सडक कालोपत्र गर्ने जिम्मा पाएको निर्माण कम्पनीले म्याद सकिँदासम्म कालोपत्रको काम थालेको छैन । उक्त सडकमा एक वर्षदेखि निर्माण व्यवसायी काममा नफर्किँदा यात्रुलाई सास्ती भएको छ ।

संघीय सरकार र स्थानीय काठेखोला गाउँपालिकाको साझेदारीमा नौ करोड रूपैयाँ लागत अनुमान गरिएको सडकको कालोपत्रको ठेक्का छ करोड ७१ लाख रूपैयाँमा सम्झौता भएको थियो । दुई वर्षमा सडक कालोपत्र सक्ने गरी एक्लेखेतदेखि काफलबोटसम्मको सडक कालोपत्रको जिम्मा पाएको जोशी/निशान/आचार्य जेभी एक वर्षदेखि काममा फर्किएको छैन । ठेक्काको म्याद २०७९ साल जेठ २६ गते सकिए पनि हालसम्म निर्माण व्यवसायी काममा नफर्केको हो । सडक कालोपत्र भइसक्ने समयमा बल्ल निर्माण व्यवसायी सम्पर्कमा आएर म्याद थप्ने गरी प्रक्रियामा गएको काठेखोला गाउँपालिका-७ का वडाध्यक्ष प्रेम लामिछानेले बताए । 'सडक निर्माणमा ढिलाइ भएको छ, निर्माण व्यवसायीले कोरोनाका कारण काम गर्न नसकेको बताएको छ, तर कोरोना मत्थर भएकै एक वर्ष भइसक्यो अझै काम थालेको छैन, ठेक्का सम्झौतापश्चात् सडक चौडा पार्ने, नाली बनाउने कार्य गरी सडकको जम्मा ४५ प्रतिशत मात्रै काम भएको देखिन्छ', उनले भने, 'गाउँपालिकामा पहिलो पटक रेश जाने सडक कालोपत्र गर्ने भए पनि निर्माण व्यवसायीको लापरबाही देखिएको छ, अहिले म्याद थप गर्ने र काममा फर्किने सहमति भएको छ ।'

उनका अनुसार कोरोनाका कारण असार मसान्तसम्म म्याद थप्ने प्रावधान भएकाले सोही समयसम्म म्याद थप गर्न काठेखोला गाउँपालिकाले सहमति जनाइसकेको छ । गाउँपालिकाको गौरवको योजनाका रूपमा रहेको गाउँपालिकाको केन्द्रबाट रेश जाने सडक कालोपत्रका लागि ठेकेदार कम्पनीलाई गाउँपालिकामा बोलाएर ताकेता गरिएको र एक महिना भित्रै काममा फर्कने सहमति भएको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिए । 'सडक कालोपत्रमा ढिलाइ भएकै छ तर हामीले समन्वय गरेर मात्रै काम अघि बढ्ने देखियो म्याद थप गर्न सहमति दिएका छौँ, निर्माण व्यवसायीले काम तुरून्तै थाल्ने आश्वासन दिनुभएको छ', उनले भने, 'जतिसक्दो कालोपत्र सक्न भनेका छौँ, हामी निरन्तर निर्माण व्यवसायीलाई दबाब दिएका छौँ ।'


## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय "निर्धन भवन" भगवतीबहाल, नक्साल, काठमाण्डौ, नेपाल
फोन नं. ९७७-१-४५१३७११, ४५१३८४०, फ्याक्स नं. ९७७-१-४५१३८५६

### चौबिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९।१०।१९)

**श्री शेयरधनी महानुभावहरु,**
यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९।१०।१७ मा बसेको २९६ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको चौबिसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०७९/११/१२, शुक्रबार (तदनुसार फेब्रुअरी २४, २०२३ ।
**समय** : बिहान १०:०० बजे ।
**स्थान** : निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय नक्साल भगवतीबहाल काठमाडौंको सभाहलमा संचालन हुनेछ ।

**२. साधारण सभामा छलफल हुने विषयहरुः**
**(क) सामान्य प्रस्तावहरुः**
(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु (अन्य अनुसूचीहरु समेत) उपर छलफल गरी पारित गर्ने ।
(३) वित्तीय संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजीको १ प्रतिशतले हुन आउने रकम रु.२,१९,५०,२५०।०० (अक्षेरुपी दुई करोड उन्नाइस लाख पचास हजार दुई सय पचास मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(५) संस्थाको सञ्चालक समितिका सदस्यहरुको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

**(ख) बिशेष प्रस्तावहरुः**
(१) वित्तीय संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने ।
(२) सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.व. २०७८/७९ सम्मको वितरण योग्य मुनाफाबाट वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजीको १९ प्रतिशतले हुन आउने रकम रु.४१,७०,५४,७५०।- (अक्षेरुपी एकचालिस करोड सत्तरी लाख चौवन्न हजार सात सय पचास मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।
(३) वित्तीय संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।
(४) वित्तीय संस्थाको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थपघट गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा संशोधन, परिवर्तन, थपघट तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

**(ग) विविध :**
**(घ) निर्वाचनः**
(१) समूह "क" संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी २ जना सञ्चालकको निर्वाचन गर्ने ।
(२) समूह "ख" सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी २ जना सञ्चालकको निर्वाचन गर्ने ।

**३. साधारण सभा सम्बन्धी अन्य जानकारीः**
१. वार्षिक साधारण सभा प्रयोजनको लागि यस वित्तीय संस्थाको शेयर दाखिल खारेज किताव बन्द रहनेः
वित्तीय संस्थाको चौबिसौं वार्षिक साधारण सभा प्रयोजनका लागि संस्थाको शेयर दाखिल खारेजको काम मिति २०७९/११/०२ गतेदेखि २०७९/११/१२ गतेसम्म बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/११/०१ गतेसम्म कारोवार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा आ.व. २०७८/७९ को बोनश शेयर तथा नगद लाभांश पाउन योग्य हुनेछन् ।
२. शेयरधनीज्यूहरुको ठेगानामा हुलाक/कुरियरबाट पठाइने चौबिसौ वार्षिक साधारण सभाको प्रतिवेदन यस संस्थाको वेभसाइट www.nirdhan.com.np मा पनि हेर्न सकिनेछ ।
३. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र, हितग्राही नम्वर वा परिचय खुल्ने कुनै प्रमाणपत्र अनिवार्यरुपमा साथमा लिइ आउनु पर्नेछ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारीक पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।
४. साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको सचिवालयमा दर्ता गराई सक्नुपर्नेछ ।
५. यस वित्तीय संस्थाको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन । यसरी दिइएको प्रोक्सी सवै बदर हुनेछन् । रितपूर्वक नियुक्त भएको प्रतिनिधिलाई मात्र सभामा सहभागी गराईने व्यवस्था गरिनेछ ।
६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुटै पत्र सहित प्रोक्सी फाराम कम्पनीको केन्द्रीय कार्यालयमा सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ ।
७. बुँदा ४, ५ र ६ बमोजिमका कार्य गर्नको लागि कुनै सार्वजनिक बिदा पर्न गएमा समेत कम्पनीको सचिवालय खुल्ला रहनेछ ।
८. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफै सभामा सहभागी हुन चाहेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।
९. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछ ।
१०. नाबालक शेयरधनीको हकमा संस्थाको शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइसकेका महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नेछन् ।
११. शेयरधनीज्यूहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहान ९:०० बजेदेखि खुला रहनेछ ।
१२. साधारण सभाको थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय सञ्चालक समिति सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ । साथै अन्य जानकारीको लागि संस्थाको वेवसाईट www.nirdhan.com.np मा समेत हेर्नुहुन अनुरोध गर्दछौं ।

**४. शेयरधनी महानुभावहरुलाई जानकारीः**
आ.व. २०७७/७८ र सो भन्दा अगाडिको लाभांश तथा बोनस शेयर लिन बाँकी भएका शेयरधनीहरुले यस संस्थाका शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लिमिटेड लाजिम्पाट, काठमाडौंबाट लिनु हुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## तारकेश्वर गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
दाङसिङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

### नदिजन्य पदार्थको लिलाम बढाबढ स्थगन सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७९/१०/१९

घाटगद्दी गरिएको नदिजन्य पदार्थ (ढंगा, गिट्टी, बालुवा) लिलाम बढाबढ सम्बन्धी गाउँपालिकाको मिति २०७९/०८/२९ को निर्णयानुसार आह्वान गरिएको ठेक्का नं TRM/NCB/Revenue 01/2079-080 को सम्बन्धमा सम्मानित उच्च अदालत, पाटनको अन्तरिम आदेश अनुसार सबै प्रक्रियाहरु अर्को निर्णय नभएसम्मको लागि स्थगन गरिएको व्यहोरा सम्बद्ध सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## REQUEST FOR PROPOSALS

Nabil Bank Ltd. invites sealed proposals from interested firms/companies for development, customization, implementation, integration, maintenance of an integrated reconciliation, settlement system (end to end) for Back-office and Transactions of Alternate Channels & Payment Systems.

1. RFP documents with detailed Scope of works, Terms & Conditions can be received from the Administration Department, 4th floor, Ghantaghar building, Kathmandu, Nepal upon submission of a written request letter in the official letter head of the interested firm/vendor.
2. The hard copy of EOI/Proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal, not later than 4:00 PM, 8 Feb 2023 (25th Magh, 2079). Bid documents received after this deadline will not be accepted.
3. In case the last day of submission falls on government holiday, then submission can be done on the next working day.
4. The Bank reserves the ultimate rights to accept/ reject any proposals and shall not be required to disclose any reason whatsoever.

NABIL BANK®
Nabil Bank Limited, Administration Department, Ghantaghar, Kathmandu, Nepal Contact 01-4233782


## लक्ष्मी बैंक लिमिटेडका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्ने गराउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना ।

(प्रकाशित मिति : २०७९/१०/१९)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तानी गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकमा सम्पर्क राखी कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फर्छ्यौट गरी गराई लेखिदिएको धितो फुकुवा गरी लैजानको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी/धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ताले समेत यसै सूचना बमोजिम ऋणीलाई कर्जा चुक्ता गर्न लगाउनुहुन वा आफ्नो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन/निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षण वापत धितो रहेको तपसिल बमोजिमको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै चल-अचल सम्पत्ति लगायत जमानतकर्ता समेतको चल-अचल सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य प्रक्रिया अवलम्बन गरी कर्जा असुल उपर गरी लिने र/वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि अड्डा अदालतमा मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

| ऋणी तथा जमानतकर्ताको विवरण | फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|
| **ऋणीको नाम : श्रीमती साबित्री कुमारी गुप्ता** (ना.प्र.नं. २८०/११०४ जिल्ला प्रशासन कार्यालय दाङ जारी मिति २०५५/०२/१९)<br>**बाबुः** कन्हैयालाल गुप्ता **ससुराः** छेदीलाल गुप्ता<br>**पतिः** अजय कुमार गुप्ता<br>**ठेगानाः** दाङ जिल्ला लालमटिया न.पा./गा.पा. वडा नं ५ भई हाल दाङ जिल्ला तुलसीपुर न.पा./गा.पा. वडा नं ६ ।<br>**व्यक्तिगत जमानतकर्ताः**<br>**श्री अजय कुमार गुप्ता** (ना.प्र.नं. ५२१०२०/४७ जिल्ला प्रशासन कार्यालय दाङ जारी मिति २०६३/११/०१)<br>**बाबु** : छेदीलाल गुप्ता **बाजे** : रामलाल गुप्ता<br>**ठेगाना** : दाङ जिल्ला त्रिभुवन न.पा./गा.पा. वडा नं १० । | <br> | १) यस बैंकको नाममा दर्ता कायम रही ऋणी **श्रीमती साबित्री कुमारी गुप्ता** जनिएको मोडेल नं LP 1512 TC/52 (2014) च्यासिस नं. MAT412059E1H11988, इन्जिन नं. 41H63389298 भएको **बा.५ ख ६१३१** नं. को टाटा भाडा बस थान १ । |

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन: ४४४४६८४/८५, पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

## सनराइज बैंक लिमिटेड
### शाखा कार्यालय, नरैनापुर
#### निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना

श्री बाबादिन तेलीको नाति, श्री राम दुलारे तेलीको छोरा, बाँके जिल्ला, नरैनापुर गा.पा. वडा नं. ६ बस्ने आशा राम तेली (शाहु) को मिति २०७९/०४/१२ मा मृत्यु भएको कारण निजको नाममा यस बैंकको शाखा कार्यालय नरैनापुरमा रहेको खाता नं. ०७४०५२०११०२०५००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि निज मृतकको श्रीमती सुनिता तेली शाहुले यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित दावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा कानून बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । साथै, म्यादभित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सनराइज बैंक लिमिटेड SUNRISE BANK LIMITED RISING TO SERVE हामी संग-संगै
प्रधान कार्यालय तथा मुख्य शाखाः सनराइज प्लाजा, गैह्रिधारा क्रसिङ, काठमाण्डौ
टोल फ्रि नम्बरः १६६००१२२४४४, फोनः ४००४५६०-६४, फ्याक्सः +९७७-१-४४२२४७५, इमेलः info@sunrisebank.com.np

## सनराइज बैंक लिमिटेड
### शाखा कार्यालय, हेटौंडा
#### निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना

श्री देवान दासको नाति, श्री माझी लाल दासको छोरा, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा./गा.पा. वडा नं. ०२ बस्ने सुनिल कुमार दासको मिति २०७९/०७/१६ मा मृत्यु भएको कारण निजको नाममा यस बैंकको शाखा कार्यालय हेटौंडामा रहेको खाता नं. ०५६०७०३८४७२०५००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि निज मृतकको श्रीमती रेखा कुमारी दासले यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सबुत प्रमाण सहित दावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा कानून बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । साथै, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सनराइज बैंक लिमिटेड SUNRISE BANK LIMITED RISING TO SERVE हामी संग-संगै
प्रधान कार्यालय तथा मुख्य शाखाः सनराइज प्लाजा, गैह्रिधारा क्रसिङ, काठमाण्डौ
टोल फ्रि नम्बरः १६६००१२२४४४, फोनः ४००४५६०-६४, फ्याक्सः +९७७-१-४४२२४७५, इमेलः info@sunrisebank.com.np

## सनराइज बैंक लिमिटेड
### शाखा कार्यालय, गाबहाल
#### निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना

हर्ष देव बज्राचार्यको नातिनी, प्रेम राज बज्राचार्यको छोरी, प्रदेश ३, ललितपुर जिल्ला, ललितपुर न.पा. वडा नं. २० बस्ने रीता बज्राचार्यको मिति २०७९/०९/०९ मा निधन भएको भनी निजको नाममा यस बैंकको गाबहाल शाखामा रहेको खाता नं. ००७०८७३१६९३०१००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी निज मृतकको श्रीमान जितेन्द्र राज शाक्यले यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सबुत प्रमाण सहित दावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा कानून बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । साथै, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सनराइज बैंक लिमिटेड SUNRISE BANK LIMITED RISING TO SERVE हामी संग-संगै
प्रधान कार्यालय तथा मुख्य शाखाः सनराइज प्लाजा, गैह्रिधारा क्रसिङ, काठमाण्डौ
टोल फ्रि नम्बरः १६६००१२२४४४, फोनः ४००४५६०-६४, फ्याक्सः +९७७-१-४४२२४७५, इमेलः info@sunrisebank.com.np

## सनराइज बैंक लिमिटेड
### शाखा कार्यालय, पेप्सीकोला
#### निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना

श्री गम्मसिंह कटुवालको नातिनी, श्री पुर्शराम कटुवालको छोरी, दान बहादुर खड्काको पत्नी, बागमती प्रदेश, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ पेप्सीकोला बस्ने गंगामाया खड्काको मिति ११/०७/२०७८ मा मृत्यु भएको कारण निजको नाममा यस बैंकको शाखा कार्यालय पेप्सीकोलामा रहेको खाता नं. ०३२१०१७८८६३०१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि निज मृतकको श्रीमान दान बहादुर खड्काले यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सबुत प्रमाण सहित दावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा कानून बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । साथै, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सनराइज बैंक लिमिटेड SUNRISE BANK LIMITED RISING TO SERVE हामी संग-संगै
प्रधान कार्यालय तथा मुख्य शाखाः सनराइज प्लाजा, गैह्रिधारा क्रसिङ, काठमाण्डौ
टोल फ्रि नम्बरः १६६००१२२४४४, फोनः ४००४५६०-६४, फ्याक्सः +९७७-१-४४२२४७५, इमेलः info@sunrisebank.com.np

Economic National Daily आर्थिक राष्ट्रिय दैनिक

## सम्पादकीय

# राष्ट्राध्यक्षलाई विवादमा नपारौँ

नयाँ निर्वाचनपछि खडा हुने संवैधानिक निकायहरूमध्ये एउटाबाहेक सबै पूर्ति भइसके । केन्द्र र प्रदेश सरकार बनिसकेको छ भने सभामुख उपसभामुखको पनि निर्वाचन भइसक्यो । करिब एक महिनाको अन्तरमा यी पदहरु पूर्ति भएका हुन् । यो बीचमा सरकार गठन भएको एक महिनाभित्र आफ्ना सभाबाट विश्वासको मत लिनुपर्ने पदाधिकारीले पनि केन्द्र र प्रदेश सबैतिर त्यस्तो मत पाइसके । अब सरकारहरु कम्तीमा दुई वर्षका लागि कसैले चलाउन नसक्ने भएका छन् । संसद्बाट विश्वासको मत पाएको कार्यकारी प्रमुखले दुई वर्षसम्म कम्तीमा अविश्वासको प्रस्ताव व्यहोर्न पर्दैन । यसबीचमा सरकार समर्थक कुनै दलहरुमध्ये उसको बहुमत संख्यामै यताउती हुनेगरी कसैले समर्थन फिर्ता लिएमा भने सरकारले विश्वासको मत लिनुपर्छ । तत्काल त्यस्तो स्थिति आउने देखिँदैन अर्थात् सरकार अर्को कुनै अनपेक्षित घटना न नआइन्जेलका लागि स्थिर भयो । त्यसै पनि केन्द्रदेखि प्रदेश सरकारका प्रमुखहरुले ठूलो संख्यामा सरकारप्रति समर्थन पाएका छन् ।

संविधानअनुसार अब निर्वाचनका लागि बाँकी रहेको पद हो, राष्ट्रपति र उपराष्ट्रपति । यी पद पूर्ति नहन्जेल देशको शासनव्यवस्था कामचलाउ मात्र हुन्छ । यद्यपि संविधानले यी पदको निरन्तरताको व्यवस्था गरेको छ । राष्ट्रपतिको निर्वाचनन नहुन्जेल पुरानै राष्ट्रपति कायम हुने भन्ने कुराले त्यस्तो बुझाउँछ तर यो भनेको कामचलाउ मात्र हो । अब भने यो स्थिति रहेन । निर्वाचन आयोगले यी पदको निर्वाचन कार्यतालिका सार्वजनिक गरिसकेको छ । यसअघि राष्ट्रपतिमा निर्वाचन नै नगरेर पुराना राष्ट्रपतिको समय लम्ब्याउन खोजेको आरोप लागेको थियो । पछिल्लो समय संविधानले व्यवस्था गरेको प्रावधान नयाँ राष्ट्रपतिको निर्वाचनमा उल्लंघन भएको आरोप लागेको छ । यो भनेको नयाँ राष्ट्रपतिको छनोट प्रक्रियामै विवाद हुनु हो ।

निर्वाचन आयोगले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फागुन २५ र चैत्र ३ गतेका लागि तोकेको छ । तर यस्तो मिति तोक्दा सम्बन्धित ऐनको व्यवस्थाविपरीत भएको भन्ने कुरा आयो ।

संविधानमा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यकाल सकिनुभन्दा एक महिनाअघि नै निर्वाचन हुने व्यवस्था रहेकोमा अहिले तोकिएको मितिले बहालवालाको पदावधि सकिनै तीन दिन बाँकी रहँदा मात्रै नयाँ राष्ट्रपतिको निर्वाचन हुन्छ । बहालावाला राष्ट्रपति विद्यादेवी भण्डारीको कार्यकाल फागुन २८ मा सकिन्छ । उनी २०७४ फागुन २९ गते पुनः निर्वाचित भएकी हुन् ।

अहिलेको सवाल हो, नयाँ राष्ट्राध्यक्ष छानिँदा नै कानुनको पालना भएन । यसले पछिसम्म चर्चा पाइरहने अवस्था बनाउँछ । राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐन २०७४ को दफा ४ मा राष्ट्रपतिको र उपदफा ५ मा उपराष्ट्रपतिको निर्वाचन बहालको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि हुनुपर्ने भन्ने किटान नै गरिएको छ । यो कुरा आयोगको बैठकमा आयुक्तबाट पनि उठेको थियो । एक आयुक्तका अनुसार कार्यकाल सकिनु एक महिनाअघि निर्वाचन गर्नुपर्ने कानुनी व्यवस्था मिच्न हुँदैनथियो । आयोगले यस्तो मिति तोक्दा त्यो समयभित्र नयाँ राष्ट्रपति छानिइसक्ने समय थियो । तर त्यसो गरिएन । एक आयुक्तले फरक मत नै लेखे । त्यसमा भनिएको छ, 'फागुन २५ मा राष्ट्रपति र चैत ३ मा उपराष्ट्रपतिको निर्वाचन मिति तोक्ने र सोबमोजिमको निर्वाचन कार्यक्रम प्रकाशन गर्नेगरी राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐन २०७४ को प्रतिकूल भएको हुँदा ऐनको दफा ४ र ५ संशोधन गरी मात्र निर्वाचनको मिति तोक्न यो फरक मत प्रस्तुत गरेको छु ।

यसले प्रश्न उठाउँछन्, प्रचलित नियम कानुनहरु किन सजिलै उल्लंघन गरिरहिन्छ ? यसको जवाफ आओस् ।

## अर्थ — वित्तीय शब्दकोष


ऋषिलाल श्रेष्ठ

### Balance (वासलात)

कम्पनी वा व्यवसायको कुनै अवधिको आर्थिक स्थिति देखिने वा झल्किने लेखासम्बन्धी विवरण । वासलात नाफा नोक्सान हिसाबभन्दा भिन्न हुन्छ । वासलातमा कम्पनी वा व्यवसायको लेखा विवरण तयार गरेको मिति सम्ममा भएको सम्पत्ति र दायित्व देखाएको हुन्छ । वासलातलाई विभिन्न किसिमबाट तयार गरिने प्रचलन छ । परम्परागत र बेलायती तरिकाअनुसार वासलात तयार गर्दा वासलातको बायाँतर्फ दायित्व र दायाँतर्फ सम्पत्ति देखाउने प्रचलन छ । यसलाई 'एकाउन्ट फर्म' भनिन्छ । आजकाल वासलातलाई प्रतिवेदनको रूपमा तयार गर्ने प्रचलन छ ।

### Balance Sheet Account (वासलातसम्बन्धी लेखा हिसाब)

वासलातमा समावेश लेखा वा खातामा भएको रकम । एक वा सोभन्दा बढी खाता र सोमा भएका रकमहरु समावेश भई एकल वा समूहगतरूपमा वासलातमा देखाइएको स्पष्ट हिसाब ।

### Balloon Loans (बैलुन ऋण)

आवधिकरूपमा किस्ताअनुसार भुक्तानी नगर्ने तर कोष उपलब्ध भएको अवस्थामा बढी मात्रामा भुक्तानी गर्ने गरिएको ऋण ।

### Ballot (चिठ्ठा)

धितोपत्र सम्बन्धमा प्राथमिक बजारमा नयाँ धितोपत्रको आवेदन आह्वान गर्दा बिक्रीको लागि छुट्याएको भन्दा बढी आवेदन प्राप्त भएको अवस्थामा चिठ्ठाको आधारमा धितोपत्र वितरण गर्ने तरिका ।

# ऋण ल्याउने तनाव, आत्महत्या र समाधानका उपाय



*पद्म प्रसाद घिमिरे*

> *नेपाल प्रहरीको विभिन्न प्रतिवेदन, विज्ञहरूको अनुसन्धान तथा सामाजिक घटनाक्रमहरूलाई केलाउँदा अहिलेको महंगो जीवन शैली, अस्वस्थ प्रतिस्पर्धा र गलत आनीबानीको कारणले मानिसहरूलाई जिउन, व्यवसाय टिकाउन, स्थापित हुन, समाजमा इज्जत जोगाइ राख्न धौधौ परिरहेको छ । फलत घरका मुलीदेखि अन्य सदस्यहरू समेत दबावमा आएर जस्तोसुकै महंगो ऋण लिन र व्यवहार चलाउन बाध्य भएका छन् । एकातिर आवश्यक सीप नहुन, काम/रोजगारी नहुनु, बेच्नयोग्य सम्पत्ति नहुनु, खर्च बढिरहनु अर्कोतर्फ आफू बसेको समाज तथा राष्ट्रमा समस्याको उचित सुनुवाइ तथा सम्बोधन नहुनु आदिले निम्नवर्गकाका मानिसहरू आर्थिक समस्याजन्य मनोसामाजिक पिडाहरूबाट गुज्रिरहेको पाइन्छ । अहिले बढिरहको विदेश पलायन, पारिवारिक विखण्डन, पारिवारिक पिडा, पारिवारिक नरसंहार, आत्महत्या, अन्य मानिसहरूको हत्या यसैको उपज हो । अहिलेको जीवन सरल जिउन सहयोग गर्ने आधार भनेको सहज दैनिकीमा साथ, उत्पादनशील तालिम, बजारमा पहुँच, उत्पादनमुखी सरल र सस्तो ऋणप्रवाह नै हो ।*

ऋण जीवन लक्ष्यप्राप्तिको साधन हो । ऋण लक्ष्यप्राप्तिको लागि सहयोगी महसुस हुनुपर्छ । तर अहिले ऋण तनाव र आत्महत्याको कारक भइरहेको छ । यसलाई बेलैमा सम्बोधन नगरे आत्महत्या महामारीको रूपमा बढ्ने खतरा बढेको छ । यसका नियमक निकाय राष्ट्र बैंक तथा कार्यान्वयन गर्ने बैंकहरु तथा सहकारीहरु भने नाफामुखी भइदिंदा पीडित झन् पीडित भएर आर्थिकजन्य कारणले आत्महत्या गर्नेको संख्या वृद्धि भएको हो । यसलाई बेलैमा जोगाउने हो भने तुरुन्त खराब ऋणीमा सूचीकृतहरूको नाम प्रकाशन गर्न, अनावश्यक तनाव दिन र बेइज्जत गर्न रोकेर उचित वैयक्तिक समस्या पहिचान र उपयुक्त समस्या समाधानको लागि पहलकदमी लिनु पर्दछ ।

अहिलेको समयमा आम मानिसदेखि उद्योगपतिसम्म सबैलाई आफ्नो सपना साकार पार्न तथा अतिरिक्त काम गर्न ऋणले ठूलो सहयोग पुऱ्याउँदै आएको छ । बैंक तथा सहकारीहरूले पनि ऋणीलाई लगानी गरेर फाइदा कमाएका छन् ।

नेपालमा वर्तमान सन्दर्भमा सहकारी तथा बैंकहरूले सदस्य बनाई विभिन्न व्यवसाय गर्न सहयोग गरेका छन् । यसले अनौपचारिक, पराम्परागत पेसा र आय आर्जनलाई टेवा समेत दिएको छ । घर-व्यवहार धान्न र विशेष काम गर्न मिटर ब्याज लिनबाट केही हदसम्म जोगाएको पनि छ । अबको समयमा सहकारी तथा वित्तीय संस्थाहरूले आफूलाई सॉच्चीकै सदस्यको हित चाहने हो भने सरोकारवाला पक्षहरु, सम्बन्धित मन्त्रालयसँग समन्वय गरी मिटरब्याज लिनुपर्ने अवस्थाबाट मुक्त गर्नुपर्छ । हातमुख जोड्न, साधारण जीवन जिउन, साधारण उपचार गर्न, ऋण तिर्नका लागि अर्को ऋण लिनुपर्ने अवस्थाबाट यथासक्य चाँडो मुक्त गर्नुपर्छ । अनिमात्र वित्तीय व्यवस्था, सहकारी आन्दोलन, गरिबी निवारण, आर्थिक वृद्धि र प्रजातान्त्रिक समाजवाद सफल हुन सक्दछ ।

नेपाल प्रहरीको विभिन्न प्रतिवेदन, विज्ञहरूको अनुसन्धान तथा सामाजिक घटनाक्रमहरूलाई केलाउँदा अहिलेको महंगो जीवनशैली, अस्वस्थ प्रतिस्पर्धा र गलत आनीबानीको कारणले मानिसहरूलाई जिउन, व्यवसाय टिकाउन, स्थापित हुन, समाजमा इज्जत जोगाइराख्न धौधौ परिरहेको छ । फलत घरका मुलीदेखि अन्य सदस्यहरु समेत दबावमा आएर जस्तोसुकै महंगो ऋण लिन र व्यवहार चलाउन बाध्य भएका छन् । एकातिर आवश्यक सीप नहुन, काम/रोजगारी नहुनु, बेच्नयोग्य सम्पत्ति नहुनु, खर्च बढिरहनु अर्कोतर्फ आफू बसेको समाज तथा राष्ट्रमा समस्याको उचित सुनुवाइ तथा सम्बोधन नहुनु आदिले निम्नवर्गकाका मानिसहरु आर्थिक समस्याजन्य मनोसामाजिक पिडाहरूबाट गुज्रिरहेको पाइन्छ । अहिले बढिरहेको विदेश पलायन, पारिवारिक विखण्डन, पारिवारिक पिडा, पारिवारिक नरसंहार, आत्महत्या, अन्य मानिसहरूको हत्या यसैको उपज हो । अहिलेको जीवन सरल जिउन सहयोग गर्ने आधार भनेको सहज दैनिकीमा साथ, उत्पादनशील तालिम, बजारमा पहुँच, उत्पादनमुखी सरल र सस्तो ऋणप्रवाह नै हो ।

आम मानिसले ऋणलाई नकारात्मकरूपमा लिए पनि यसका फाइदाहरु पनि छन् ।

**ऋणका फाइदा**

- उद्योग व्यवसाय चलाउन हौसला, बल प्रदान गर्ने
- आफ्नो सोच तथा बैंकको पैसा सापटी मिलान गरी उद्योगपति, लगानीकर्ता हुन सकिने
- सीप र श्रम भएकाहरूलाई रोजगारी दिन सकिने
- आपत्विपत्मा गर्जो टार्न सकिने
- आफ्ना सन्तानलाई उच्चशिक्षा हासिल गर्न लगानी गर्न सकिने

**ऋण तिर्ने आधारहरू**

- ✓ कुशल व्यवसाय सञ्चालन /उचित नाफा
- ✓ नियमित तलब /आम्दानी

**खराब ऋणी हुनुपर्ने कारणहरू**

- महामारी, भुइँचालो
- उद्योग व्यवसाय एकाएक बन्द हुनु
- लगातार घाटामा जानु
- आफ्नो काम छुट्नु र नियमित तलबमा अवरोध
- एक्कासि बिरामी भई उपचार गर्दागर्दै टाट पल्टिनु

**ऋणका कारण हत्या तथा आत्महत्या हुने कारणहरू**

- ❖ राष्ट्र बैंकले खतरा तथा खराब श्रेणीमा परेका ऋणी सदस्यको मर्का नबुझ्नु र जबर्जस्त गर्नु
- ❖ बैंक तथा सहकारीले आफ्ना ऋणी सदस्यहरूलाई तनावपूर्ण दबाव दिनु
- ❖ घरपरिवारमा झै-झगडा हुनु र समाधानको उपाय ननिस्कनु
- ❖ व्यक्तिविशेषलाई दोष थोपर्नु र चाहिनेभन्दा वढि जिम्मेवारी लिनु

**समाधान कसरी गर्ने त ?**

- ✓ मानवजीवन अमूल्य छ । हामीले आफ्नो जीवन प्रगति गर्न/समाधान गर्न ऋण लिएका हौं । ऋण सम्भव भएसम्म नियमितरूपमा तिर्दै जानु पर्दछ ।
- ✓ जोखिमको समयमा ऋणी र बैंक/सहकारीको निरन्तर संवाद हुनुपर्छ । ऋण तिर्न सहज उपायहरूको खोजी गर्नुपर्छ । सकेसम्म जरिवाना छुट र हौसला प्रदान गर्नु पर्दछ ।
- ✓ बैंक तथा सहकारी संस्थाहरूले आफूलाई जोगाउन विपत् विज्ञ नियुक्ति गरेर राखेका हुन्छन् । ती सुविधाहरु अप्ठ्यारोमा परेका, खतराका सूचीमा रहेका आफ्ना ग्राहक/सदस्यहरूसम्म पुऱ्याउन सक्नु पर्दछ ।
- ✓ सहकारी बैंक गरिब, निम्न वर्ग र सीमान्तकृत समुदायका लागि आँगनको बैंक हुनाले जोखिममा रहेकाहरूसँग झन् बढी आपसी समाधानमुखी छलफल गर्नुपर्छ । आम्दनी र अवसर नभएको समयमा उनीहरूलाई थोरै रकमले पनि हतास बनाउन सक्दछ । अतः सहकारी कर्मचारीहरूले वित्तीय परामर्शदाता र सरोकारवालाको मलमपट्टीको भूमिका समेत निभाउन सक्नु पर्दछ ।
- ✓ सहकारीहरूले खराब कर्जा भएकाहरूलाई मनोवैज्ञानिक परामर्श प्रदान गर्न सक्दछन् र तनाव व्यवस्थापनका सीप सिकाउन सक्दछन् । यसले उनीहरूमा आशाको दियो जाग्रित गर्न सक्दछ ।
- ✓ स्थानीय सरकार तथा विकास साझेदार संस्थाहरूले काम व्यवसाय तथा बजारको प्रवर्द्धन गर्नुपर्छ ।
- ✓ खराब ऋणीहरूको समस्या बुझी समय सीमा बढाउन सहयोग गर्ने, तनावपूर्ण अवस्थाबाट जोगाउने र जीवनको सम्भावना बढाउने ।
- ✓ कुनै तरिका अपनाएर भए पनि आत्महत्या हुनसक्ने अवस्थाबाट व्यक्ति तथा परिवारलाई सरोकारवालाहरूले जोगाउने ।

*(लेखक मनोविद् तथा अध्यक्ष सडक आश्रित मानवमुक्त अभियान नेपाल (सम्मान) हुनुहुन्छ ।)*

# अर्थतन्त्र सबलीकरणमा पर्यटनको महत्व



*कृष्ण अधिकारी*

> *नेपालको लागि एकीकृत पर्यटकीय व्यवस्थापन योजनाको अभावले गर्दा देशमा हाल यत्रतत्र अवस्थामा छरिएर रहेका सम्भावित पर्यटकीय आकर्षणहरूको महत्वलाई पहिचान गर्न, त्यस्ता आकर्षणस्थलहरूलाई पर्यटन सम्पदाको रूपमा विकास गर्न र पर्यटनसम्बन्धी सेवासुविधालाई पनि प्रभावकारी बनाउन सकिएको स्थिति पाइँदैन । हाम्रो देशका पर्यटकीय सम्भावना बोकेको अधिकांश स्थलहरू देशका विभिन्न क्षेत्रमा छरिएर रहेका छन् र यहाँ पर्याप्त र राम्रो पर्यटकीय सेवा सुविधा दिइने अवस्था अझै कमी छ । भरपर्दो र व्यवस्थित हवाई यातायातको कमी, पर्यटकीयस्थल कमजोर व्यवस्थापन, अपर्याप्त र खण्डित अवस्थाबाट ग्रसित रहेको छ । यसबाट नेपालीहरूले खासरूपमा फाइदा लिन सकेको स्थिति छैन ।*

विश्वमा सूचना र सञ्चारको जगतमा एक्काईसौं शताब्दीमा देखिएको द्रुत विकासको साथै पुँजी, प्रविधि तथा विकासको विस्तारले अर्थतन्त्रको स्वरूपमा सकारात्मक परिवर्तन ल्याएको पाइन्छ । विकसित मुलुकहरूबाट मूलतः प्राकृतिक स्रोत एवं साधनको उपलब्धताका आधारमा औद्योगिक उत्पादनमार्फत पुँजी बजारमा प्रतिस्पर्धा गरिएको स्थिति छ । विकासशील देशहरु उनीहरूको लागि वस्तु तथा श्रम बजारको केन्द्र बन्दै आएको अवस्था छ । यो शताब्दीको सुरुदेखि नै सूचना र प्रविधिको साथमा सेवामूलक व्यवसाय र वैदेशिक पुँजीको लगानीबाट विकासशील देशहरूले समेत उल्लेख्य आर्थिक वृद्धि हासिल गर्दै पर्यटकीय क्षेत्रबाट आएको पाइन्छ ।

आ-आफ्ना देशमा उपलब्ध प्राकृतिक स्रोत साधन, मानवीय क्षमता, भौतिक पूर्वाधार, सांस्कृतिक सम्पदा, व्यापारिक कारोबारको लागि उपयुक्त रणनीतिक एवं भू-राजनीतिक अवस्थाको सही पहिचान र उपयोगबाट विकासोन्मुख देशहरूले समेत आर्थिक विकास र वृद्धिमा उल्लेखनीय फड्को मारिरहेको अवस्था छ । विश्वको बदलिंदो आर्थिक परिवेशलाई आत्मसात् गर्दै अर्थतन्त्रमा विकसित देशको साथै विकाशशील देशले समेत आर्थिक विकासको लक्ष्य, कार्यक्रम र प्राथमिकता निर्धारण गरी आर्थिक गतिविधि सञ्चालन गरी उपलब्धि हासिल गर्नुपर्ने अवस्था छ । यसै परिवेशमा विश्वमा माहामारीको रूपमा फैलिएको कोभिड-१९ ले हाम्रो जन्मभूमिमा पनि धक्का दिएको छ । सो क्रममा वैदेशिक रोजगारीमा गएका दाजुभाई, दिदिबहिनी जन्मभूमिमा फर्किरहेका छन् । सो कारण बेरोजगारीको समस्या हल गर्नको लागि पर्यटन व्यवसायलाई अगाडी बढाउनु अपरिहार्य छ । यसै सिलसिलामा कोभिड-१९ को कारण पर्यटन उद्योग थला परेकोले केन्द्रीय सरकार, प्रदेश सरकार साथै स्थानीय सरकारले आफ्नो नीति कार्यक्रममा पर्यटन उद्योगलाई माथि उठाउने नीति तथा कार्यक्रम ल्याउन आवश्यक छ ।

समृद्ध नेपाल सुखी नेपालीको रेखा कोरी देशको भविष्य निर्माण गर्ने आशा एवं भरोशाका केन्द्रविन्दु युवा जनशक्तिको विदेश पलायनतालाई रोक्दै स्वदेश एवं जन्मभूमिमा नै उद्यमशीलता र रोजगाारीको अवसर सिर्जना गर्नु पहिलो आवश्यकता भएको छ । नेपालको प्राकृतिक भू-धरातल वातावरण एवं सांस्कृतिक जनजीवनका विशेषताहरूको आधारमा सूचना र प्रविधिको अधिकतम उपयोगका साथ सामाजिक सेवामूलक व्यवसायमा जोड दिंदै पर्यटनलाई नयाँ आयामका साथ कृषिपछिको मुख्य व्यवसायका रूपमा पर्यटन व्यवसायको विकास गर्नु आजको आवश्यकता हो ।

हाम्रो देशमा तुलनात्मकरूपमा मध्यमस्तरको जनशक्ति एवं कम पुँजी र प्रविधिबाटै सञ्चालन गर्न सकिने श्रमप्रधान एवं सेवामूलक पर्यटन उद्योगको विकासबाट देशको आर्थिक सामाजिक विकास गरी गरिबी निवारण कार्यक्रमलाई सहयोग गर्ने सम्भावना प्रस्ट देखिन्छ । नेपाल विश्व मानचित्रमा अद्वितीय प्राकृतिक एवं सांस्कृतिक सम्पदाले भरिपूर्ण देश भएकाले पर्यटन तुलनात्मक लाभ र वैकल्पिक आर्थिक अवसरका लागि उपयुक्त साधनको रूपमा रहेको छ । जसबाट हाम्रो देशको नागरिकको शान्ति र समृद्धिप्रतिको चाहना पूरा हुन सक्दछ ।

हाम्रो देश भगवान गौतम बुद्धको जन्मस्थान र विश्वको सर्वोच्च शिखर सगरमाथाको देशको रूपमा मात्र विश्वमा परिचित नभई पर्यटन, जलस्रोत, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको धनी एवं जैविक विविधताले भरिपूर्ण रहेको हिमालय पर्वतको क्षेत्रको रूपमा समेत चिनिन्छ । आर्य तथा मंगोल संस्कृतिको सङ्गमस्थल रहेको क्षेत्र हिन्दु तथा बौद्धमार्गी ऋषिमुनिहरूको तपोभूमि एवं विश्रामस्थलको रूपमा रहेको छ । हाम्रो देश विभिन्न जनजाति र समुदायहरूका बीच सदियौँदेखि भाइचारा सम्बन्ध राख्दै आएका परिश्रमी र मिहिनेती समुदायको साझा फूलबारी हो ।

हाम्रो देश प्राकृतिक, सांस्कृतिक एवं ऐतिहासिक पर्यटकीय सम्पदाको धनी भए पनि विश्व पर्यटन बजारमा आवश्यक पहुँच र प्रचारप्रसारको कमीले सोचेअनुसार पर्यटकहरूको संख्यामा वृद्धि र ऐतिहासिक पर्यटन गतिविधिलाई विकास गरी यसबाट अपेक्षित लाभ लिन नसकेको अवस्था छ । ऐतिहासिक एवं पर्यटकीय स्थल हुँदाहुँदै पनि आवश्यक भौतिक संसाधनको व्यवस्थापनको कमीले सो स्थानको पर्यटकीय विकास हुन सकेको छैन । सुन्दर प्राकृतिक र ऐतिहासिक, धार्मिक सम्पदाका कारण हाम्रो देशमा आन्तरिक एवं बाह्य पर्यटकलाई भविष्यमा आकर्षण गरी नेपालमा मानिसको आगमन वृद्धि गराउन सकिन्छ । ग्रामीण पर्यटकको विकास र स्थानीय सहभागितामा विशेष जोड दिंदै त्यसको ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं वातावरणको संरक्षण र संवर्द्धन गर्दै स्थानीय बासिन्दाको चाहना र आवश्यकतालाई ध्यानमा राखी पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्नु समयको माग हो ।

नेपालको लागि एकीकृत पर्यटकीय व्यवस्थापन योजनाको अभावले गर्दा देशमा हाल यत्रतत्र अवस्थामा छरिएर रहेका सम्भावित पर्यटकीय आकर्षणहरूको महत्वलाई पहिचान गर्न, त्यस्ता आकर्षणस्थलहरूलाई पर्यटन सम्पदाको रूपमा विकास गर्न र पर्यटनसम्बन्धी सेवासुविधालाई पनि प्रभावकारी बनाउन सकिएको स्थिति पाइँदैन । हाम्रो देशका पर्यटकीय सम्भावना बोकेको अधिकांश स्थलहरु देशका विभिन्न क्षेत्रमा छरिएर रहेका छन् र यहाँ पर्याप्त र राम्रो पर्यटकीय सेवा सुविधा दिइने अवस्था अझै कमी छ । भरपर्दो र व्यवस्थित हवाई यातायातको कमी, पर्यटकीयस्थल कमजोर व्यवस्थापन, अपर्याप्त र खण्डित अवस्थाबाट ग्रसित रहेको छ । यसबाट नेपालीहरूले खासरूपमा फाइदा लिन सकेको स्थिति छैन । त्यसैले हाम्रो देशमा पर्यटकीय सम्भाव्यता अध्ययन गरी व्यवस्थित योजना तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । अतः पर्यटन विकास, पर्यटन सम्पदा तथा पर्यटन सेवा र सुविधालाई प्याकेजिङ गरी विकास गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

हाम्रो देशको समग्र आम्दानीमा पर्यटन व्यवसायलाई पनि एक दिगो स्रोत सिर्जना गर्न र स्थानीय तहको विकासमा सन्तुलन कायम गर्नमा समेत पर्यटन एउटा महत्वपूर्ण माध्यम हुनसक्छ । देश तथा विभिन्न स्थानीय तहहरूमा रहेका होटल व्यवसायी, यातायात व्यवसायी, सरोकारवाला उद्योग वाणिज्य संघ र निजी क्षेत्रको समेत संलग्नतामा आ-आफ्ना तबरका कार्यक्रम एकीकृत गरी स्थानीय पर्यटन विकास र व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने आवश्यक देखिन्छ । स्थानीय समुदायको सहभागितालाई प्रोत्साहित गर्दै ऐतिहासिक, पुरातात्विक तथा धार्मिक महत्वका सम्पत्तिको संरक्षण, परम्परागत वास्तुकला, मन्दिर र स्थानीय समाजका सांस्कृतिक सम्पदाहरूको संरक्षणसम्बन्धी कार्य जेनतेन प्रकारले गर्दै आइरहेको अवस्थामा ठोस कार्यक्रमका साथ अगाडि बढ्नु आजको आवश्यकता हो । त्यस्तै पर्यटकीय क्षेत्रमा भौतिक तथा मानव संशाधनको आवश्यकताअनुसार व्यवस्थापन गर्नु पनि अति आवश्यक छ ।

हाम्रो देशमा पर्यटन प्रवर्द्धनका सम्भावनाहरु अद्धितिय पर्यटकीय क्षेत्रहरु हुनु, पर्यटकीय क्षेत्रमा पूर्वाधारको व्यवस्थापन तथा विकास बढ्दै जानु, छिमेकी मूलुक चीन तथा भारतबाट ठूलो संख्यामा पर्यटक आउन सक्नु, पर्यटन क्षेत्रमा निजी लगानीमा वृद्धि हुँदै जानु, देशमा शान्ति सुरक्षाको अवस्थामा सुधार हुँदै जानु, स्थानीय निकायमा पर्यटकीय प्रवर्द्धनमा चासो बढ्दै जानु, गैरआवसीय नेपालीको सक्रियता, अन्य मुलुकहरूसँग हवाई सेवामा वृद्धि, देशमा अन्तर्राष्ट्रिय तथा आन्तरिक विमानस्थलको निर्माणमा वृद्धि हुँदै जानु, सामाजिक सांस्कृतिक सम्पदाको प्रचुरता, साहसिक पर्यटनको क्षेत्रहरु बढ्दै जानु आदि रहेका छन् । त्यस्तै पर्यटन क्षेत्रका समस्याहरूमा भूकम्पबाट क्षतिग्रस्त सम्पदाको समयमै पुनः निर्माणसम्पन्न हुन नसक्नु, बेलाबखत हुने हवाई तथा सडक दुर्घटनाबाट अन्तर्राष्ट्रिय जगतमा नकारात्मक प्रभाव पर्नु र नियमित सुरक्षित र भरपर्दो यातायात सेवा प्रवाह हुनु नसक्नु, प्राचिन सम्पदाको अतिक्रमण, पर्यटकीय सूचनाको उचित व्यवस्थापन नहुनु, पूर्वाधार विकासमा लगानीमा वृद्धि कम हुनु, देशभित्र यत्रतत्र छरिएर रहेका पर्यटकीय गन्तव्यको पहिचान गरी पर्यटन सम्भाव्यता अध्ययनको कमी, देशका युवा जनशक्ति विदेश पलायन हुनु आदि रहेका छन् ।

प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक, साहसिक दृष्टिकोणले विश्वकै प्रमुख देशहरूमध्ये नेपाल पनि हो । अतः माथि उल्लेख भएअनुरूपका पर्यटकीय सम्भावना र समस्याहरूलाई ध्यानमा राखी नयाँ पर्यटकीयस्थल, गन्तव्य पर्यटकलाई आकर्षण गरीने तत्वहरूको विकास गरी पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकास गर्न आवश्यकता रहेको छ । पर्यटनको माध्यमबाट काम वा रोजगारी सिर्जना गरी अवसर जुटाई गरिबी न्यूनीकरण गर्दै नेपालीको जीवनस्तरमा सुधार ल्याउन आवश्यक छ ।

*(लेखक मनकामना अध्ययन अनुसन्धान केन्द्रको प्रमुख हुनुहुन्छ ।)*

# विकासको नयाँ ढाँचा स्थापनामा चिनियाँ राष्ट्रपतिको जोड

बेइजिङ, माघ १८ । चीनका राष्ट्रपति सी चिनफिङले विकासको नयाँ ढाँचा स्थापनामा जोड दिएका छन् । चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) केन्द्रीय समितिका महासचिव सीले विकासको नयाँ ढाँचा स्थापनाका साथै सुरक्षाा र विकासका प्रयासलाई बढावा दिनुपर्नेमा जोड दिएका हुन् ।

सीपीसी राजनीतिक ब्यूरोको बैठकमा महासचिव सीले विकासको नयाँ ढाँचा स्थापनालाई तीव्र गतिमा अघि बढाउँदै दोस्रो शताव्दीको लक्ष्य हासिल गर्न र विकासका साथै सुरक्षा सुनिश्चित गर्नुपर्ने बताए । उनले भविष्यको विकासको प्रयासलाई रणनीतिक योजना बनाएर कार्यसम्पादन गर्न सुझाए ।

चीनको आर्थिक विकासका निम्ति विकासको नयाँ ढाँचा अपरिहार्य भएको उल्लेख गर्दै महासचिव सीले चिनियाँ राष्ट्रको महान् पुनरूत्थानको प्रक्रियालाई निर्वाध अघि बढाउन तथा आधुनिक समाजवादी देशका रूपमा चीनलाई चिनाउने लक्ष्य हासिल गर्नु विकासको नयाँ ढाँचाको उद्देश्य भएको स्पष्ट गरे ।

## Indrawati Rural Municipality
## Office of Rural Municipal Executive

Nawalpur , Sindhupalchok
Bagmati, Province, Nepal

### INVITATION FOR E- BID AND SEALED QUATATION

**2nd Date of publication: 2079/10/19 (02/02/2023)**

Indrawati Rural Municipality invites Sealed Quatation from eligible bidders for the construction of works mentioned below under and SQ and NCB procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Indrawati Rural Municipality website www.indrawatimun.gov.np.

| S. N. | Project Name | Contract ID | Last Date of Bid Submission | Date of Bid Opening | Bid validity period | Bid Security Amount | Cost Estiate (Ex Vat & Contengency) | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction works of Serakhola Sipatar Sinchai yojana ward no. 9 | IRMSI/W/SQ/079/080-04 | 17/02/2023 12:00 hrs. | 17/02/2023 13:00 hrs. | 45 days | 50,000.00 | 17,02,972.64 | 1,000.00 |
| 2. | Upgrading works of Laharemane Chhahare Simpal Sadak | IRMSI/W/SQ/079/080-05 | | | | 50,000.00 | 17,00,642.02 | |
| 4 | Upgrading works of Mahadevtar Krishi sadak | IRMSI/W/SQ/079/080-07 | | | | 40,000.00 | 12,74,416.58 | |
| 5 | Construction works of Gahate Dalitbasti Guthighar ward no. 8 | IRMSI/W/SQ/079/080-08 | | | | 40,000.00 | 13,54,026.11 | |

**Chief Adminstrative Officer**

## पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७९/१०/१९**

यस कार्यालयबाट प्रकाशित निम्नानुसारका ठेक्काहरुको सम्बन्धमा रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| IFB NO. | DESCRIPTION OF WORK | बोलपत्र दाता | कबोल रकम ( VAT र PS बाहेक) |
|---|---|---|---|
| PMW1/NCB/WORKS/01/2079/080 | PADALICHAUR - WARD OFFICE - MAULEPOKHARI - BHANJYANGROAD UPGRADING | BIBEK WAIBA CONSTRUCTION, KAVREPALANCHOK | 16,13,281.25 |
| PMW1/NCB/WORKS/02/2079/080 | MAULEPOKHARI - BHANJYANG - GHUMAUNECHAUR ROADUPGRADING WORKS | BIBEK WAIBA CONSTRUCTION, KAVREPALANCHOK | 16,73,333.65 |
| PMW2/NCB/WORKS/01/2079/080 | SAHALE - KHANIGAU - ARCHALE - CHHAPCHAUR ROAD,KRISHNAMANDIR - GHIMIRETOLE - PATHIP-UJE ROAD AND KHOK -LAUKINI - DEVISTHAN MANDIR ROAD UPGRADING | MORDEN ENGINEERING CONSTRUCTION PVT. LTD., KAVREPALANCHOK | 32,90,313.50 |
| PMW3/NCB/WORKS/01/2079/080 | BETAPATI MAIDAN ROAD AND BRAHMAPUR ROAD UPGRADING | BIBEK WAIBA CONSTRUCTION, KAVREPALANCHOK | 23,44,451.40 |
| PMW5/NCB/WORKS/01/2079/080 | RAYALE - KERAGHARI, SAURBOT - SALTHUMKI AND KHAWA -GANESH MA VI ROAD UPGRADING | OSKAR NIRMAN SEWA & SUPPLIERS PVT.LTD.,KATHMANDU | 39,65,094.25 |
| PMW6/NCB/WORKS/02/2079/080 | TINPIPLE - KARKIMILL - JHIGANPUR ROAD UPGRADING | DNO NIRMAN SEWA, KAVREPALANCHOK | 15,07,682.60 |
| PMW6/NCB/WORKS/02/2079/080 | TINPIPLE - KARKIMILL - JHIGANPUR ROAD UPGRADING | DNO NIRMAN SEWA, KAVREPALANCHOK | 15,07,682.60 |
| PMW7/NCB/WORKS/01/2079/080 | PURANODIHI - KUBINDE - JORPIPAL ROAD UPGRADING | MATA BHAGAWOTI BUILDERS AND SUPPLIERS, KAVREPALANCHOK | 13,37,851.90 |
| PMW7/NCB/WORKS/03/2079/2080 | KITINI PARK - JHIKU KHOLA AND DHAP - KANIKE DOVAN TO WAY TO DHOTRA RCC DRAIN | G.S.S CONSTRUCTION, KAVREPALANCHOK | 24,09,240.70 |
| PMW8/NCB/WORKS/02/2079/80 | WARD OFFICE - SAKINI ROAD UPGRADING | SANGDEN CONSTRUCTION , KAVREPALANCHOK | 27,39,584.10 |
| PMW9/NCB/WORKS/01/2079/080 | DADAGAUN-BIMIRE ROAD UPGRADING | DIBYASHWORI NIRMAN SEWA, KAVREPALANCHOK | 2,37,39,683.80 |
| PMW10/NCB/WORKS/01/2079/80 | BELA - ADHERI KHOLA ROAD UPGRADING | MORDEN ENGINEERING CONSTRUC-TION PVT. LTD., KAVREPALANCHOK | 25,42,315.10 |
| PMW11/NCB/WORKS/01/2079/080 | SCHOOLMUNI-BICHARI-CHAUR KOLDANDA SWARA ROAD UPGRADING | NEW K.P. CONSTRUCTION PVT.LTD., KATHMANDU | 2,23,01,805.60 |
| PMW11/NCB/WORKS/02/2079/080 | SATDOBATO - LEKHALITOLE ROAD, DEVISTHAN -RATOMATE ROAD AND BARABANDI - DHARAPANI - PAUWA- BARPIPAL ROAD UPGRADING | ALTRATECH BUILDERS, KATHMANDU | 26,05,890.35 |
| PMW11/NCB/WORKS/03/2079/080 | KATUNJE - RAIKARBESI - KRISHNAMANDIR ROAD AND BOHOREDOVAN - PIPALDANDA ROAD UPGRADING | BIBEK WAIBA CONSTRUCTION, KAVREPALANCHOK | 14,13,712.40 |
| PMW12/NCB/WORKS/01/2079/080 | OJETAR - DOBLANG - KHARBESI - THAKURIGAU ROAD UPGRADING | BHAGAWOTI NIRMAN SEWA , KAVREPALANCHOK | 26,70,933.75 |
| PMW13/NCB/WORKS/02/2079/080 | TRIPATITHOK ROAD UPGRADING | SUVARAMVA NEPAL CONSTRUCTION PVT.LTD., KAVREPALANCHOK | 26,29,970.20 |

## एनएमबि बैंक लिमिटेड, बबरमहलको
## गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तर ताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पतिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०७९।११।०५ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्धारा गराईन्छ । गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

| सि.नं. | कर्जा शीर्षक | ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना | लिलाम हुने धितोको विवरण |
|---|---|---|---|
| १. | माइक्रो इन्टरप्राइजेज कर्जा | **ऋणीको नामः श्रीमती मंगली सार्की** <br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>३२७७ (२०४४।११।२२/लम्जुङ)<br>ससुराको नामः बुधे सार्की<br>पतिको नामः टेडे सार्की<br>ठेगानाः लम्जुङ जिल्ला, गाँउशहर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल लमजुङ जिल्ला वेशिसहर न.पा. वडा नं. ७ ।<br>**व्यक्तिगत जमानतकर्ताः**<br>**१. श्री हेम लाल दमाई** <br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>३४१६ (२०४४।११।२२/लम्जुङ)<br>बाजेको नामः राम प्रसाद दमाई<br>बाबुको नामः गणेश निधी दमाई<br>ठेगानाः लमजुङ जिल्ला, गाँउशहर गा.वि.स. वडा नं. २ ।<br>**२. श्री विरबल सार्की** <br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>३१७२९ (२०५६।१२।१०/लमजुङ)<br>बाजेको नामः बुधे सार्की<br>बाबुको नामः टेडे सार्की<br>ठेगानाः लमजुङ जिल्ला, वेशिसहर न.पा. वडा नं.२ ।<br>**३. श्री मंगली सार्की** <br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>३२७७ (२०४४।११।२२/लम्जुङ)<br>ससुराको नामः बुधे सार्की<br>पतिको नामः टेडे सार्की<br>ठेगानाः लम्जुङ जिल्ला, गाँउशहर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल लमजुङ जिल्ला वेशिसहर न.पा. वडा नं. ७ । | श्री बुधे सार्कीको बुहारी, श्री टेडे सार्कीको पत्नी लम्जुङ जिल्ला, गाँउशहर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल लमजुङ जिल्ला वेशिसहर न.पा. वडा नं. ७ बस्ने **श्री मंगली सार्की**को नाममा मालपोत कार्यालय लमजुङ को लगतमा दर्ता श्रेष्ता कायम रहेको लमजुङ जिल्ला, गाँउशहर गा.वि.स. वडा नं. २ स्थीत कि.नं. २९९, ३११ र १४३२ को क्षेत्रफल क्रमशः ०-१०-२-१, १-४-३-३ र ०-४-२-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत । |
| २. | १. ओभरड्राफ्ट कर्जा<br>२. आवधिक कर्जा | **ऋणीको नामः श्री आकृती कृषि फार्म**<br>(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ (विराटनगर) मा दर्ता रहेको)<br>दर्ता नं. १२०५६/०७१/०७२, दर्ता मितिः २०७२।०२।०३<br>स्थायी लेखा नं.: ६०३१९२२५४<br>ठेगानाः मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लाबारी न.पा., वडा नं. १ ।<br>**प्रोप्राईटरः**<br>**श्री कृष्ण प्रसाद आचार्य** <br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>४२६८५/३६७२ (२०५९।०७।११/भोजपुर)<br>बाजेको नामः गौरीलाल आचार्य<br>बाबुको नामः उध्दव प्रसाद आचार्य<br>ठेगानाः भोजपुर जिल्ला, चम्पे गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लाबारी न.पा., वडा नं. १ ।<br>**व्यक्तिगत जमानतकर्ताः**<br>**श्रीमती अम्बिका कुमारी ढकाल आचार्य** <br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>प्र.प्र १०५९२ (२०६२।१०।०४(भोजपुर)/मोरङ्ग उर्लाबारी)<br>बाबुको नामः भवानी प्रसाद ढकाल<br>ससुराको नामः उध्दव प्रसाद आचार्य<br>पतिको नामः कृष्ण प्रसाद आचार्य<br>ठेगानाः मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लाबारी न.पा., वडा नं. १ । | श्री गौरीलाल आचार्यको नाति, श्री उध्दव प्रसाद आचार्यको छोरा, भोजपुर जिल्ला, चम्पे गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लाबारी न.पा., वडा नं. १ बस्ने **श्री कृष्ण प्रसाद आचार्य**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. ८/८ङ स्थीत कि.नं. ३५९ को क्षेत्रफल ०-४-९-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत । |
| ३. | व्यक्तिगत आवास कर्जा | **ऋणीको नामः श्रीमती शुकमाया श्रेष्ठ** <br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>७९५९६ (२०६२।०१।०८/तनहुँ)<br>बाबुको नामः राज कुमार श्रेष्ठ<br>पतिको नामः हेम कुमार श्रेष्ठ<br>ससुराको नामः लिला मान नेवार<br>ठेगानाः तनहुँ जिल्ला, छाङ्ग गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, म्याग्दे गा.पा वडा नं. ६, रिङ्गेपानी ।<br>**व्यक्तिगत जमानतकर्ताः**<br>**श्रीमती लक्ष्मी नेवारनी** <br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>४०१ (२०४६।०३।०८/तनहुँ)<br>बाबुको नामः भिम नारायण श्रेष्ठ<br>पतिको नामः लिला मान नेवार<br>ससुराको नामः पुर्ण मान श्रेष्ठ<br>ठेगानाः तनहुँ जिल्ला, छाङ्ग गा.वि.स वडा नं. ३ । | श्री भिम नारायण श्रेष्ठ को छोरी, पुर्ण मान श्रेष्ठ को बुहारी, श्री लिला मान नेवार को पत्नी तनहुँ जिल्ला, छाङ्ग गा.वि.स वडा नं. ३, बस्ने **श्री लक्ष्मी नेवारनी** को नाममा मालपोत कार्यालय तनहुँ को लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, मनपाङ्ग गा.वि.स. वडा नं. २/छ स्थीत कि.नं. ४९ को क्षेत्रफलः ०-३-०-३ (रोपनी) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत । |
| ४. | माइक्रो इन्टरप्राइजेज कर्जा | **ऋणीको नामः श्रीमती सम्भना गुरूङ्ग** <br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>१२६२४ (२०५२।०१।२५/तनहुँ)<br>बाजेको नामः बुद्धिलाल गुरूङ्ग<br>बाबुको नामः विश्वकमल गुरूङ्ग<br>ठेगानाः तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, बन्दिपुर गा.पा वडा नं. ४, भैसेखार ।<br>**व्यक्तिगत जमानतकर्ताहरूः**<br>**१. श्रीमती सम्भना गुरूङ्ग** <br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>१२६२४ (२०५२।०१।२५/तनहुँ)<br>बाजेको नामः बुद्धिलाल गुरूङ्ग<br>बाबुको नामः विश्वकमल गुरूङ्ग<br>ठेगानाः तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, बन्दिपुर गा.पा वडा नं. ४, भैसेखार ।<br>**२. श्री तुल बहादुर गुरूङ्ग**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ४६०४५ (२०५७।१२।२७/तनहुँ)<br>बाजेको नामः धन बहादुर गुरूङ्ग<br>बाबुको नामः कमान सिंह गुरूङ्ग<br>ठेगानाः तनहुँ जिल्ला, आबुखैरेनी न.पा वडा नं. ४ ।<br>**३. श्री मन बहादुर आले** <br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>५९७३ (२०४५।०१।१४/तनहुँ)<br>बाजेको नामः रण बहादुर आले<br>बाबुको नामः कुल बहादुर आले<br>ठेगानाः तनहुँ जिल्ला, देउराली गा.वि.स. वडा नं. ९, पुर्लुङ । | श्री धन बहादुर गुरूङ्ग को बुहारी, कमानसिं गुरूङ्ग को पत्नी, तनहुँ जिल्ला, आबुखैरेनी न.पा वडा नं. ४ बस्ने **श्रीमती डिल माया गुरूङ्ग** को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, सत्रसय आँबु गा.वि.स. वडा नं. ४/४ग स्थीत कि.नं. ३० र ३२ को क्षेत्रफल क्रमशः ९-५-१-१ र ११-९-०-१ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत । |
| ५. | व्यक्तिगत कर्जा | **ऋणीहरूको नामः**<br>**१. श्रीमती तिरविनी गुरूङ भन्ने त्रिवेनी देवि**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): २१९१ (२०५३।०५।१०/लम्जुङ)<br>बाबुको नामः लोक बहादुर गुरूङ<br>पतिको नामः लोक बहादुर गुरूङ्ग<br>ससुराको नामः अर जङ गुरूङ्ग<br>ठेगानाः लम्जुङ जिल्ला, वाग्लुङ्गपानी गा.वि.स वडा नं. ५ ।<br>**२. श्री शुक्र राज गुरूङ्ग**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ९१२३ (२०४७।०९।०९/लम्जुङ)<br>बाजेको नामः अर जङ गुरूङ्ग<br>बाबुको नामः लोक बहादुर गुरूङ्ग<br>ठेगानाः लम्जुङ जिल्ला, वाग्लुङ्गपानी गा.वि.स वडा नं. ५ ।<br>**व्यक्तिगत जमानतकर्ताः**<br>**श्रीमती माया गुरूङ**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ४५६४१ (२०५३।०४।१०/कास्की)<br>बाबुको नामः हर्क बहादुर गुरूङ्ग<br>पतिको नामः शुक्र राज गुरूङ्ग<br>ससुराको नामः लोक बहादुर गुरूङ्ग<br>ठेगानाः कास्की जिल्ला, धम्पुस गा.वि.स वडा नं. ६ । | श्री लोक बहादुर गुरूङ्ग को छोरी, श्री अर जङ गुरूङ्ग को बुहारी, श्री लोक बहादुर गुरूङ्ग को पत्नी, लम्जुङ जिल्ला, वाग्लुङ्गपानी गा.वि.स वडा नं. ५ बस्ने **श्रीमती तिरविनी गुरूङ्ग भन्ने त्रिवेनी देवि** को नाममा मालपोत कार्यालय कास्की को लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, छीनेडाँडा गा.वि.स. वडा नं. १ स्थित कि.न. ३१७८ को क्षेत्रफल ०-५-३-१ को घरजग्गा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| ६. | व्यक्तिगत कर्जा | **ऋणीको नामः श्री सेति गुरूङ्ग** <br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>४३३०२९/११६७ (२०६३/१०/२१/तनहुँ)<br>बाबुको नामः कृष्ण बहादुर गुरूङ्ग<br>ससुराको नामः हर्क बहादुर गुरूङ्ग<br>पतिको नामः मंगल सिंह गुरूङ्ग<br>ठेगानाः तनँहु जिल्ला, आँबुखैरेनी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल तनँहु जिल्ला, आँबुखैरेनी गा.पा. वडा नं. १, सत्रसय।<br>**व्यक्तिगत जमानतकर्ता**<br>**१. श्री गौ माया गुरूङ्ग** <br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>४९७४१ (२०५९/०७/१६/तनहुँ)<br>बाबुको नामः महावीर गुरूङ्ग<br>ससुराको नामः हर्क बहादुर गुरूङ्ग<br>पतिको नामः मुकान सिंङ गुरूङ्ग<br>ठेगाना. तनँहु जिल्ला, आँबुखैरेनी गा.वि.स. वडा नं. १। | श्री कृष्ण बहादुर गुरूङ्ग को छोरी, श्री हर्क बहादुर गुरूङ्ग को बुहारी, श्री मङ्गल सिंह गुरूङ्ग को पत्नि, तनहुँ जिल्ला, आँबुखैरेनी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, आँबुखैरेनी गा.पा. वडा नं. १, सत्रसय बस्ने **श्री सेती गुरूङ्ग** को नाममा मालपोत कार्यालय दमौली, तनँहु को लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, सत्रसय आँबु गा.वि.स वडा नं. १/१क स्थित कि.न. २००४ को क्षेत्रफल ०-४-२-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९,
Ext. १०७, १०४

# थाक्रे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

महादेवबेशी, धादिङ

बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०७९/१०/१९)

यस कार्यालयको मिति २०७९/०९/०८ गते प्रकाशित सूचना अनुसार पेश भएका बोलपत्रहरुको Technical Evaluation र Financial Evaluation बाट तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नंम्बर | ठेक्काको नाम | स्वीकृत बोलपत्रदाता |
|---|---|---|---|
| १. | 04/NCB/WORKS/ THAKRE/2079/080 | ढाँडे देविस्थान कुचुलिभञ्जाङ्ग सुलिखोला सडक | श्री इन्द्राक्षी दिव्य कस्ट्रक्सन एण्ड डेभलपमेन्ट प्रा. लि. |
| २. | 05/NCB/WORKS/ THAKRE/2079/080 | महाकाली क्याम्पस मिटिङ्ग हल निर्माण | श्री राइनो कस्ट्रक्सन कम्पनी प्रा. लि. |
| ३. | 06/NCB/WORKS/ THAKRE/2079/080 | सिम अमर्खु बेसि मल्ङ्गड भूमिचुलि पर्यटन सडक निर्माण | श्री डि आर कस्ट्रक्सन |
| ४. | 07/NCB/WORKS/ THAKRE/2079/080 | दामेचौर पोखरीचौर पर्यटन सडक निर्माण | श्री इन्द्राक्षी दिव्य कस्ट्रक्सन एण्ड डेभलपमेन्ट प्रा. लि. |
| ५. | 08/NCB/WORKS/ THAKRE/2079/080 | सातघुम्ती जुङ्गेखोला सडक निर्माण | श्री राई कस्ट्रक्सन |
| ६. | 09/NCB/WORKS/ THAKRE/2079/080 | महादेवबेसी हलथुम गोगनपानी सडक निर्माण | श्री प्रसुन निर्माण सेवा |
| ७. | 10/NCB/WORKS/ THAKRE/2079/080 | बालुवाफाँट पहिरे बतिसे सडक | श्री प्रसुन निर्माण सेवा |

**प्रमुख प्रशासकीय अधिकृत**

## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकको पानीपोखरी शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका बोम बहादुर जि.सी.को मिति २०७९/०६/१४ मा मृत्यु भएकोले उक्त खातामा रहेको रकम भुक्तानी पाउँ भनि मृतकको आमा पार्वता घर्तीले यस बैंक शाखा कार्यालयमा मिति २०७९/०७/२९ मा निवेदन दिएको हुदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्रधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय पानीपोखरी हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमअनुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Global IME Bank**
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

## काठ लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना

प्रथम पटक प्रकाशित २०७९/१०/१९ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.ब.२०७८/२०७९ मा सकंलन गरी समूहको घाटगद्दीमा भएको सालको काठ/दाउरा यस समूहका उपभोक्ता सदस्यहरुमा खपत भइ छिमेकी समुहका उपभोक्ताहरुलाई आन्तरिक खपत भई बाँकी रहेको काठ दाउराको लागि यस समूहबाट सूचना प्रकाशित गर्दा समेत कोहि कसैको निवेदन पर्न नआएको हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको साल ५१५ थान गोलिया ३२१९.३७ क्यु.फिट काठ ७ चट्टा सालको दाउरा शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकाले मूल्य अभिबद्धि करमा दर्ता भई वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी ब्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र यस सा.ब.उ.स. कार्यालयबाट बोलपत्र खरिद गरी शिलबन्दीको बोलपत्र २१ औं दिन ३:०० बजेभित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ।

**श्री सिङ्गेकोट सामुदायिक वन उपभोक्ता समूह**
घोडाघोडी न.पा. ९, कैलाली

# नबिल बैंकका ग्राहकलाई शाओमी ब्रान्डका सामानको ईएमआई सुविधा

